



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA


**नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।**

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

» बुधबार, असार २१, २०७४ » Wednesday, July 5, 2017 » www.newsofnepal.com » नेसं ११३७ दिला थ्व: १२ » वर्ष २३, अंक १७६ » पृष्ठ १२ » मूल्य रू. १०/–

२ { यसरी तह लाग्दै छ दल
५ { महानगरपालिकामा छाडातन्त्र
८ { बगदादी बेपत्ता
१२ { अभ्यास खेलमा नेपालको जित

## गोलाप्रथाबाट अध्यक्ष



काँकडभिट्टा, (नेस)

कमल गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवारको मत बराबरी आएपछि गोला प्रथाबाट नेकपा एमालेका उम्मेदवारले जितेकी छन्। मंगलबार आएको मत परिणामअनुसार नेकपा एमालेका अध्यक्षका उम्मेदवार मेनुका काफ्ले र नेपाली कांग्रेसका हुकुमसिंह राईको मत बराबर आएपछि पुनः गणना गर्ने या गोलाप्रथा गर्ने भन्ने बारेमा अन्योल भएकामा पछि गोलाप्रथाबाट निर्णय गर्ने सहमति भएको थियो।

एमालेकी काफ्ले र कांग्रेसका राई दुवैले ८ हजार २ सय ७५ मत प्राप्त गरेको निर्वाचन अधिकृत प्रेमप्रसाद लुइँटेलले जानकारी दिनुभयो।




### निर्वाचन आयोगले भन्यो

## चाँडो कानुन देऊ

**नेपाल समाचारपत्र**

काठमाडौं

निर्वाचन आयोगले प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अत्यावश्यक पूर्वाधारका रूपमा रहेको कानुन तथा निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन उपलब्ध गराउन सरकारलाई पत्राचार गर्ने निर्णय गरेको छ। प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा मंगलबार आयोगमा बसेको बैठकले गृह मन्त्रालयमार्फत सरकारलाई उक्त विषयको पत्र पठाउने निर्णय गरेको हो।

नेपालको संविधानले निर्दिष्ट गरेअनुसार हालको व्यवस्थापिका-संसद् आगामी माघ ७ गतेसम्म कायम रहने हुँदा उक्त मितिभित्र संघीय संसद्को निर्वाचन सम्पन्न गर्नुपर्ने अवस्था रहेको जनाउँदै आयोगले प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अत्यावश्यक पूर्वाधारका रूपमा रहेको कानुन तथा निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन उपलब्ध गराउन आग्रह गर्ने भएको हो।

सम्पूर्ण पूर्वाधार तयार भइसकेपछि प्रदेशसभा सदस्यको निर्वाचन आगामी असोजको अन्तिम हप्ता, राष्ट्रिय सभाको

**सरकारलाई पत्राचार गर्ने तयारी**

निर्वाचन कात्तिकको दोस्रो हप्ता र प्रतिनिधिसभा सदस्यको निर्वाचन मङ्सिरको पहिलो हप्तासम्ममा सञ्चालन गर्न उपयुक्त हुने आयोगले यसअघि नै प्रधानमन्त्री शेरबहादुर देउवालाई जानकारी गराएको थियो। प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, आगामी असार मसान्त र निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन साउन १५ गतेभित्र आयोगमा प्राप्त हुनुपर्ने आयोगले जनाएको छ।

हालसम्म निर्वाचन क्षेत्र निर्धारण आयोग गठन नभएको, प्रदेशसभा सदस्य निर्वाचन विधेयक, राष्ट्रिय सभा सदस्य निर्वाचन विधेयक तथा प्रतिनिधि सभा सदस्य निर्वाचन विधेयकको प्रारम्भिक मस्यौदा तयार गरी गृह मन्त्रालयमा पठाइसकिएको जनाउँदै आयोगले उक्त विधेयकहरू संसद्बाट पारित भइनसकेका कारण प्रदेशसभा सदस्य र प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारीलाई अगाडि बढाउन नसकिएको जनाएको छ।

'समयमै मतदाता नामावलीसम्बन्धी ऐनमा परिमार्जन नभए गत फागुन ९ गतेसम्म दर्ता भएका मतदाताको नाम मात्रै समावेश भएको मतदाता नामावलीका आधारमा आगामी निर्वाचन सञ्चालन गर्नुपर्ने हुन्छ।' - आयोगद्वारा जारी वक्तव्यमा भनिएको छ।

## प्रमलाई भेटेपछि ठाकुर दूतावासमा

काठमाडौं, (नेस)



प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारलाई दिएको समर्थन फिर्ता नलिन राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुरसँग आग्रह गर्नुभएको छ।

मंगलबार प्रधानमन्त्री देउवा र ठाकुरबीच भएको छलफलमा प्रधानमन्त्री देउवाले अब निर्वाचनको मतगणना सकिएलगतै संविधान संशोधनलगायतका विषयमा पहल थाल्ने बताउनुभएको थियो। छलफलमा प्रधानमन्त्री देउवाले राजपासँग भएको सहमति आफ्नो सरकारले पालना गर्ने बताउँदै तत्कालै समर्थन फिर्ता नलिन आग्रह गर्नुभएको थियो। छलफलपछि राजपाका प्रवक्ता कृष्णा सिंहले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'प्रधानमन्त्री र ठाकुरबीचको छलफलमा सरकारलाई दिइएको समर्थन फिर्ता र राजपाको मागको विषयमा छलफल भएको हो। ठाकुरजीले संविधान संशोधनसहितका मागहरू पूरा गर्ने प्रक्रिया अगाडि नबढाइए समर्थन फिर्ता लिने चेतावनी दिएर आउनुभएको हो।'

**» भोलिसम्ममा राजपा दर्ता हुन सक्ने, पार्टीभित्र आन्तरिक असन्तुष्टि**

प्रधानमन्त्री देउवासँग भेटेलगतै ठाकुर भारतीय दूतावासमा छलफल गर्न पुगेको जनाइएको छ। सरकारलाई दिइएको समर्थनकै विषयमा दूतावासमा पनि छलफल भएको बुझिएको छ।

तर भारतीय दूतावासमा भएको छलफलका बारे राजपाका नेताहरूले अनभिज्ञता प्रकट गरेका छन्। राजपाका महासचिव केशव झाले त्यस विषयमा आफूलाई कुनै जानकारी नभएको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## 'हेर्दा हेर्दै बूढो भइयो, बाढी उस्तै'

शिवहरिप्रसाद भट्टराई, राजविराज

सप्तरीको तिलाठीमा च्यानल खनेर पानी बगाउने नेपाल र भारत दुवै देशका प्राविधिकहरूको योजना पूरा नभएका कारण अहिले डुबान निम्तिएको सम्बद्ध विज्ञहरूले बताएका छन्। भारतीय पक्षका कारण सो योजना कार्यान्वयन नभएको बताइएको छ। सन् २०१३ मा नेपाल-भारत दुवै पक्षका प्राविधिकहरूले अध्ययन गरी च्यानल खनेर खाडो, महुली र जीता खोलाको पानी बगाउने योजनाको प्रतिवेदन दिए पनि हालसम्म उक्त प्रतिवेदन कार्यान्वयन नभएका कारण तिलाठीलगायतको गाउँ डुवानमा पर्दै आएका छन्।

२०७४ वैशाख ६ गते काठमाडौंमा बसेको नेपाल-भारत कोशी समन्वयन समितिको बैठकमा यो विषयलाई प्राथमिकता दिन अनुरोध गरे पनि हालसम्म भारतीय पक्ष मौन रहेको खाडो नदी नियन्त्रण आयोजनाका प्रमुख अखलाक सिद्धिकीले बताए।

प्रमुख सिद्धिकीले भने- '२ दशमलव १ किलोमिटर लम्बाइ र २१ मिटर चौडाइको च्यानल खनेर भारत क्षेत्रमा पानी बगाउन सके बाढीको पानी कम हुन सक्छ।'

**च्यानल नखन्दा डुबान**

यता, खाडो नदीमा दुवैतर्फ बाँध बनाएर राजमार्गसम्म र राजमार्ग उत्तर १० किलोमिटर चुरेसम्म गरी ६० किलोमिटर बाँध बनाउने योजनाका लागि २ अर्ब रुपियाँ छुट्याइएकोमा हाल २६ किलोमिटर बाँध बनाउने काम सम्पन्न भएको जानकारी दिँदै उनले यसका लागि १५ करोड खर्च भएको बताए।

खाडो खोलामा आएको बाढीले रायपुरबाट बाढी छिरेर पौवा, राजविराज नगरपालिका-२ र १० डुमरी शिवथानमा क्षति पुर्‍याएको थियो भने महुली, जीता र सुन्दरी खोलाले मैनाकडेरी र त्रिकोल गाविसको वडा नम्बर १ देखि ६ सम्म तथा चन्द्रनहरमा नहर कटान गरेर ठूलो क्षति पुर्‍याएको छ।

दशगजामा भारतीय पक्षले बाँध बनाएका कारण सप्तरीका एक दर्जन गाउँ डुबानमा परेका छन्। जिल्लाको कोइलाडी तिलाठी गाउँपालिकाअन्तर्गत कुनौली सिमा क्षेत्रमा करिब ३ किलोमिटर लामो बाँध बनेपछि दशगजाले नदीको रूप लिएको छ।

उत्तरतर्फबाट दक्षिणतर्फ बग्ने खाडो, महुली र जिता खोलाको पानी भारतीय सिमामा बनेको बाँधले गर्दा प्राकृतिक बहाव रोकिएका कारण दशगजामा नदी बनेको हो।

(क्रमशः पृष्ठ ९ मा)



# महानगर

खोकनामा नयाँ प्रशोधन केन्द्र निर्माण गर्न करिब ४० हेक्टर जग्गा अधिग्रहण गरिसकेको र गोकर्णको विस्तृत अध्ययन गरेर दोस्रो चरणको कार्यक्रममा राख्ने योजना भइरहेको छ ।

# यसरी तह लाग्दै छन् ढल




Flow Diagram of the Wastewater Treatment Plant

सुरेश तामाङ

मेलम्चीबाट पानीको आपूर्ति भएसँगै फोहोर पानीको मात्रामा हुने वृद्धिलाई ध्यानमा राख्दै काठमाडौंका विभिन्न ४ स्थानमा फोहरपानी प्रशोधन केन्द्र निर्माणको काम थालिएको छ। आयोजना कार्यान्वयन निर्देशनालयअन्तर्गत काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजनाले काठमाडौं उपत्यकाका विभिन्न स्थानमा फोहर पानी प्रशोधन केन्द्रको क्षमता अभिवृद्धि, पुन:स्थापना र निर्माणकार्यको पक्रियालाई प्राथमिकताका साथ अगाडि बढाएको हो।

काठमाडौंमा थप ३ स्थानमा फोहरपानी प्रशोधन केन्द्र बन्ने भएको छ भने त्यो केन्द्रबाट झण्डै ४ सय ५० किलोवाट बिजुली बाल्ने योजना रहेको निर्देशनालयले जनाएको छ। बन्न लागेका तीनवटै स्थानमा र गुहेश्वरीस्थित केन्द्रलाई थप गुणस्तरीय बनाइने निर्देशनालयका प्रवक्ता लीलाप्रसाद ढकालले जानकारी दिनुभयो।

'गुहेश्वरी ढल प्रशोधन केन्द्रमा काम शुरु भइसकेको छ', निर्देशनालयका प्रवक्ता ढकालले भन्नुभयो- 'बाँकी स्थानमा भने डिजाइनिङको काम भइरहेको छ।'

प्रवक्ता ढकालका अनुसार, गुहेश्वरीस्थित केन्द्रलाई अभिवृद्धिका साथै पुन:स्थापनाका लागि भारतीय कम्पनी भा टेक वा ब्याग लिमिटेड, चेन्नईसँग सम्झौता भएर काम अगाडि बढिसकेको छ। कम्पनीले २ वर्षभित्र अभिवृद्धि र पुनर्निर्माण सम्पन्न गर्ने र १० वर्षसम्म सो कम्पनीले हेर्ने सम्झौतामा उल्लेख गरिएको छ।

गुहेश्वरीस्थित प्रशोधन केन्द्रले हाल १ करोड ६० लाख लिटर फोहरपानी प्रशोधन गर्ने क्षमता राख्दछ । निर्देशनालयले यस प्रशोधन केन्द्रको क्षमता अभिवृद्धि गरी दोब्बर अर्थात् ३ करोड २० लाख लिटर फोहोरपानी प्रशोधन गर्ने लक्ष्यका साथ काम अगाडि बढेको जनाएको छ।

निर्देशनालयले ढल व्यवस्थापनका लागि विभिन्न स्थानमा आधुनिक फोहोरपानी प्रशोधन केन्द्रको निर्माण गर्ने र त्यहाँबाट विद्युत् निकाल्न मिल्ने गरी गृहकार्य थालेको हो। नेपालमा यसको व्यवसायिक अभ्यास पहिलो रहेको भए पनि भारतलगायत विकसित मुलुकमा सफल अभ्यास भइरहेको उहाँले बताउनुभयो। निर्देशनालयका अनुसार यसको लागि काम अगाडि बढिसकेको छ। विभिन्न स्थानमा फोहर प्रशोधन केन्द्रको निर्माणमार्फत् नागरिकले ढलको गन्धबाट मुक्त हुन पाउने, स्वच्छ वातावरणको प्रत्याभूति गर्न पाउने, फोहोरबाट हुने रोगको दर कम हुनेलगायतका फाइदाहरू लिन पाउने प्रवक्ता ढकालले दाबी गर्नुभयो।

गुहेश्वरीस्थित फोहोर प्रशोधन केन्द्रलाई थप अभिवृद्धि गर्दै भक्तपुरस्थित सल्लाघारी, ललितपुरको बालकुमारीस्थित कोड्कु र धोबीघाटमा नयाँ र आधुनिक प्रशोधन केन्द्र निर्माण गरी उपत्यकालाई सफा, सुन्दर र गन्धरहित बनाउन काम थालिएको छ।

जहाँ चिनियाँ ठेकेदार कम्पनीले डिजाइनिङको कामहरू गरिरहेको निर्देशनालयले जनाएको छ। निर्देशनालयले फोहोर प्रशोधन केन्द्रमा आधुनिक प्रविधि अपनाई गुहेश्वरीको केन्द्र र सुन्दरीघाटमा बन्ने केन्द्रमा ढल र पानीबाट निस्केको ग्याँसमार्फत् विजुली निकाल्ने कम्पनीसँग सम्झौता भएको छ।

गुहेश्वरस्थित ३ करोड २० लाख लिटर फोहरपानी प्रशोधन गरेर करिब २ सय ४० किलोवाट बिजुली निकाल्न मिल्ने निर्देशनालयले जनाएको छ। त्यस्तै गरी, करिब ३ करोड ७० लाख लिटर फोहोरपानी प्रशोधन गर्ने धोबीघाटको केन्द्रबाट मात्रै २ सय ४ किलोवाट बिजुली निकाल्ने जनाएको छ। दुवै गरी झण्डै ४ सय ५० किलोवाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोड्ने योजनासमेत रहेको जनाइएको छ।

यसका लागि वागमती नदीको सहायक खोला हनुमन्ते र मनोहरा खोलाको दुवै किनारमा करिब २५ किलोमिटर फोहोरपानी बग्ने प्रणाली निर्माणका लागि टेन्डर प्रक्रियामा रहेको छ। निर्देशनालयका अनुसार सोमध्ये हनुमन्तेको ठेक्का अवार्डको अवस्थामा छ भने मनोहराको टेन्डर आह्वान भएको छ।

त्यस्तै दोस्रो चरणको कार्यक्रममा खोकनामा नयाँ प्रशोधन केन्द्र निर्माण गर्न करिब ४० हेक्टर जग्गा अधिग्रहण गरीसकेको र गोकर्णको विस्तृत अध्ययन गरेर दोस्रो चरणको कार्यक्रममा राख्ने योजना भइरहेको निर्देशनालयका प्रवक्ता ढकालले बताउनुभयो। निर्देशनालयको विभिन्न आयोजनामध्ये ढल व्यवस्थापन आयोजनामार्फत् सन् २०१८ सम्म सम्पन्न गर्ने गरी नेपाल सरकार र एसियाली विकास बैंकको करिब १ सय ३६ मिलियन यूएस डलर लागत विनियोजन भइसकेको छ।





# असारे विकास धमाधम



दुर्गाप्रसाद शर्मा, पर्वत

पर्वत जिल्ला समन्वय समितिबाट सञ्चालित योजनाहरूमध्ये संसद् निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमअन्तर्गतका योजनाहरूमा उपभोक्ता समितिले गुणस्तरीय काम गरेको पाइएको छ।

जिल्ला समन्वय समितिले अहिले यो आर्थिक वर्षभित्र मर्मत भएका सडक, सिँचाइ तथा अन्य योजनाहरूको प्रगतिको बारेमा स्थलगत अनुगमन क्रममा यस्तो पाइएको हो।

जिल्लाको दक्षिणी क्षेत्रका ३ गाउँपालिका पैंयु, महाशिला र बिहादी गाउँपालिकामा विभिन्न शीर्षकमा झण्डै २ करोड रकम विनियोजन गरिएको थियो। खानेपानी, सिँचाइ, विद्युत् विस्तार, सडक, भवन निर्माणलगायत सो क्षेत्रमा सञ्चालित रहेका योजनाहरूमध्ये धेरैजसो योजनाहरूको काम सम्पन्न हुने चरणमा रहेका छन्।

निर्वाचन क्षेत्र पूर्वाधारको बजेटले त्यहाँका धेरैजसो सडक अहिले सुधारोन्मुख देखिएका छन्। बाच्छा भोक्सिङ, होस्राङ्दी, सरौखोलाअन्तर्गत निर्वाचन पूर्वाधार विशेष कार्यक्रमको ४० लाख बजेट विनियोजन भएकोमा उक्त बजेटअन्तर्गत बिग्रिएको बाटोमा नाली बनाउने, सोलिङ गर्ने, जाली भर्ने जस्ता काम भइरहेको अनुगमनको क्रममा पाइएको छ। पाडेगाउँ (पैदलमार्ग) भञ्ज्याङ्ग चिलाउनेखर्क बहाकी स्वास्थ्य चौकी चौरासी फाँट नयाँपोखरी आपलाय कालिगण्डकी सडकको स्तरोन्ततिका लागि विनियोजित भएको ११ लाख रुपियाँ गेप्ताङ्ग चिउरीखाल्टा शिवपुरी बेउलीबास सालघारी खोरपोखराको सडकको पनि ११ लाख र भुर्तेलथोक पियाखेत उपल्लो थोक मर्दिखोला सौरीकोट समीबोट टिकरिक सडकमा विनियोजित १० लाख रकम सडकको स्तरउन्नति र सडक मर्मतमा खर्च भएको पाइएको हो। त्यस्तै पूर्वाधार विशेष कार्यक्रमकै शिक्षा र सिँचाइतर्फ रहेका योजनाहरूको पनि अधिकांश योजनाहरूको काम सम्पन्न भइसकेको छ।

निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाहेक अन्य शान्तिका लागि विकास कार्यक्रम, स्रोत सुनिश्चितता तथा जिल्ला समन्वय समितिले बजेट विनियोजन भएर बनेका अन्य योजनाहरूको काम पनि सन्तोषजनक रहेको पाइएको हो। सो क्षेत्रमा सञ्चालित अधिकांश योजनाहरूमध्ये एक/दुई बाहेक अन्य योजनाहरूको काम धमाधम भएको पाइएको छ। असार सकिन मात्रै १० दिन बाँकी रहँदा, धेरै उपभोक्ताहरू आफैं काम गरिरहेका थिए त केही उपभोक्ता समितिले डोजर लगाएर छिटो-छिटो सडक खनिरहेको देख्न सकिन्थ्यो। योजनाहरूको काम भएको जुन गाउँमा गयो त्यतै उपभोक्ताहरूलाई काम भ्याईनभ्याई थियो। धेरै उपभोक्ताहरू काममै व्यस्त देखिन्थे। बजेट सक्न ठेकेदारदेखि उपभोक्ता समितिसम्म भ्याईनभ्याई छ। अनुगमनको क्रममा असारे विकासले गर्दा गाउँमा रोपाइँमा समेत कामदार पाउन गाह्रो हुने गरेको पाइयो।







**पूर्ण परिवार** | ख्यातिप्राप्त हास्यव्यंग्य अभिनेता हरिवंश आचार्य सोमबार छोराहरु त्रिलोक र मोहितको बिबाह प्रीतिभोजमा। हरिवंशले सोमबार छोराहरु त्रिलोक र मोहितको बिबाह प्रीति भोज दिएका हुन्। जहाँ उनका साथमा पत्नी रमिलाले पाहुनाको स्वागत गरेकी थिइन्।

# लोकगायक खनाल सम्मानित




अमेरिकामा रहँदै आएका लोकगायक रामप्रसाद खनाललाई सोमबार राजधानीमा आयोजित एक समारोहबीच एक दर्जनभन्दा बढी संघसंस्थाबाट सम्मान गरिएको छ। डा. हर्कबहादुर बुढामगर स्मृति प्रतिष्ठानकी अध्यक्ष प्राज्ञ उन्नति बोहरा 'शीला' को संयोजकत्वमा आयोजकका तर्फबाट नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त), उपकुलपति शम्भूजीत बासकोटा, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)का केन्द्रीय उपाध्यक्ष राधेश्याम लेकालीलगायतले खनाललाई सम्मान गरेका हुन्।

खनाललाई डा. हर्कबहादुर बुढामगर स्मृति प्रतिष्ठानसहित, अनेसास, गुन्जन, अन्तर्राष्ट्रिय कलाकार मञ्च नेपाल, महिला गीतकार संघ, बनिता त्रैमासिक, नारी स्वर, नारी साहित्य प्रतिष्ठान, महिला सञ्चार समूह, गोधुली साहित्य प्रतिष्ठान, जलेरिका साहित्य सेवा र नेपाल पत्रकार मञ्चले संयुक्त रूपमा सम्मान गरेको हो। कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरुभक्तले यो सामुहिक सम्मानले उनलाई अझ धेरै काम गर्न ठूलो प्रेरणा मिल्ने बताए। त्यसै गरी उपकुलपति बासकोटाले खनालको योगदानको चर्चा गरे।

त्यसै गरी सम्मानित खनालले १० वर्षपछि देश फर्कदा पाएको सम्मानले जहाँ रहे पनि लोकसंगीतमा निरन्तर काम गर्न अझ उर्जा बढेको बताए। कार्यक्रममा प्रतिष्ठानकी परिषद् सदस्य उन्नति बोहरा शीला, हास्यव्यंग्य अभिनेता शिवहरि पौडेल, अनेसासका केन्द्रीय उपाध्यक्ष राधेश्याम लेकालीलगायतले गायक खनालको योगदान बारे चर्चा गरेका थिए।

# प्रतियोगितामा दोहोरी



राजधानीको जमलस्थित राष्ट्रिय नाँचघरमा मंगलबारबाट सांस्कृतिक संस्थानले *तीन दिवशीय राष्ट्रिय खुला लोकदोहोरी प्रतियोगिता२०७४* शुरु गरेको छ।

बिहीबारसम्म चल्ने प्रतियोगितामा देशभरका १७ लोक दोहोरी समूहले भाग लिएका छन्। जसमध्ये मंगलबार राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान समन्वय, जुनकिरी दोहोरी साँझ दरबार मार्ग, सृजना समूह काठमाडौं, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नवलपरासी, राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान बागमति र निलहीरा समाज काठमाडौंले लोक दोहोरी गीत प्रस्तुत गरे। उनीहरुबीच लोक दोहोरी गायनका क्रममा एकले अर्कालाई व्याग्य गर्दै मायाप्रीति कुरामा घम्साघम्सी चल्दा दर्शकले मनोरञ्जन हासिल गरेका थिए। कार्यक्रममा अतिथि कलाकारका रुपमा बद्री पंगेनी, म्याक्सन खाती, अर्जुन खड्का, जमुना सनमलगायतका कलाकारले पनि दोहोरी भाका सुनाएका थिए।

प्रतियोगिताको शुभारम्भ लोकगायक कुमार बस्नेतले गरेका थिए। कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले लोकसंस्कृतिको विकासका लागि प्रतियोगिता आयोजना गरिएको बताए। त्यसै गरी राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका अध्यक्ष बद्री पंगेनीले ढिलै भए पनि सरकारी तवरबाट यस्तो प्रतियोगिता आयोजना गरेर लोक दोहोरीलाई प्रोत्साहन गर्ने काम भएको बताए। प्रतियोगिताबारे संस्थानका नाटक प्रबन्धक प्रभाकरदेव शर्माले प्रकाश पारेका थिए। प्रतियोगितामा पहिलो हुनेले १ लाख रुपियाँ, दोस्रो हुनेले ५० हजार, तेस्रो हुनेले २५ हजार र सान्त्वना हुनेले १० हजार रुपियाँ प्राप्त गर्ने संस्थानले जनाएको छ।

# इन्डिजिनियस च्यानलमा नेवालय



आदिबासी जनजातिका विभिन्न भाषा तथा कला-संस्कृतिको पहिचानको आवश्यकता महशुस गरिहेको अवस्थामा आदिबासी जनजातिको पहिलो टेलिभिजन च्यानलको रुपमा इन्डिजिनियस टेलिभिजन स्थापना भएको छ।

यो टेलिभिजन प्रसारण शुरु भएपछि त्यसमा दैनिक रुपमा *नेवालय* नामक नेवार भाषाको कार्यक्रम प्रसारण आरम्भ गरिएको छ। जसको शुभारम्भ ख्यातिप्राप्त हास्य अभिनेता मदनकृष्ण श्रेष्ठले काठमाडौंको बागबजारको सिटीम्याक्स हलमा आयोजित कार्यक्रममा गरेका छन्। समारोहमा जनजातिका कार्यक्रमलाई मात्र विशेष रुपमा प्रसारण गर्ने उद्देश्यले इन्डिजिनियस टेलिभिजनको स्थापना भएको टेलिभिजनका संस्थापक मध्येका एक जगत दोङले बताए। उनले वज्र क्रियसनको प्रस्तुतिमा नेवार भाषाको *नेवालय* कार्यक्रम हरेक दिनको साँझ साँढे ६ देखि ७ बजेसम्म प्रसारण हुने र त्यसको रेकर्ड प्रसारण बिहान र दिउँसो पनि हुने बताए।

नेवालय कार्यक्रममा हरेक दिन फरक कार्यक्रम हुने जानकारी नेवालयका प्रस्तुतकर्ता वज्र क्रियसनका प्रमुख सैलेश डंगोलले दिए। शुभारम्भ कार्यक्रममा प्रमुख अतिथि मदनकृष्ण श्रेष्ठ, नेपालभाषा आन्दोलनका प्रवर्द्धक मल्ल के सुन्दर, संगीतकार अमरराज शर्मा, पत्रकार तथा नेपालभाषाको पहिलो टेलिभिजन कार्यक्रम निर्माता विजयरत्न तुलाधर, कलाकार सुरेन्द्र तुलाधर, खुद्रा व्यापार संघका अध्यक्ष पवित्र वज्राचार्यलगायतले जनजातिका कार्यक्रम टेलिभिजनमा आवश्यकता र महत्वका विषयमा चर्चा गरेका थिए।



# विचार

सोच्नु राम्रो हो, कुरा गर्नु त्यो भन्दा राम्रो हो, तर सबैभन्दा राम्रो काम गर्नु हो।

–इलेनोर रुजबेल्ट

आफूलाई बदल्न सक्ने तागत नै संसार बदल्न सक्ने तागत हो।

–अनवर सादत

## सम्पादकीय

नेपाल समाचारपत्र

## बजेट मात्र सिध्याउने मेलो नहोस्

आर्थिक वर्षको अन्तिम समयमा आएर सडकमा पिच थप्ने, पिच गर्ने, ग्राबेल गर्ने काम भइरहेको छ। हरेक वर्ष सरकारले बजेट विनियोजनमार्फत विकास निर्माणको कामलाई अगाडि बढाएको हुन्छ। बजेटले नागरिकहरुमा नयाा आशा र उत्साह पनि जगाएको छ। तर विकास खर्च जुनरुपमा हुनुपर्ने हो त्यो रुपमा नहुने गरेको छ। वर्षको ११ महिना काम गर्न तत्परता नदेखाउने परम्परा नै बनिसकेको छ। बााकी एक महिनामा झारा टार्ने काम हुने गरेको छ। विकासे काम जनताको आाखामा छारो हाल्ने काममा मात्र सीमित हुादै आएको छ। पर्याप्त समय हुादा काम गर्नका लागि तीव्रता र जाागर नदेखाउने अनि जब आर्थिक वर्षको अन्तिम हुन्छ, तब कागजी प्रक्रिया मिलाएर बजेट सिध्याउने खेल हुादै आएको छ।

नेपालमा विकास खर्च अपेक्षाकृत एवं प्रभावकारीरुपमा हुन सकेको छैन। खर्च हुन नसक्नुको कारण कर्मचारीतन्त्रमा देखिएको अल्छीपना र राजनीतिक अस्थिरता नै हो। विकासको लागि बजेट विनियोजन गरिएको हुन्छ। तर अनुगमन गर्ने निकाय मौन बस्दा कामले गति लिन नसकेको देखिादैन। सरकारले विकास निर्माणको योजनालाई बजेट विनियोजन गरेर मात्र आफ्नो दायित्व र कर्तव्य पूरा हुादैन। विकास निर्माणको काममा निर्माण व्यवसायीलाई ठेक्का दिएर मात्र पनि सरकारको जिम्मेवारी पूरा हुादैन। विकास निर्माणका आयोजना समयमै सम्पन्न गर्नका लागि निरन्तर अनुगमन गर्नुपर्ने खााचो छ। तर सरकारी निकायबाट हुने अनुगमन प्रभावकारी नहुने गरेको छ। निर्माण व्यवसायी, राजनीतिक दल र कर्मचारीको मिलेमतोमा विकास निर्माणको अधिकांश काम परिणाममा भन्दा पनि कागजमा बढी हुने गरेको छ।

विकास निर्माणको कामले गति लिन नसक्नुको अर्को कारण नीतिगत भ्रष्टाचार पनि हो। सरकारी कर्मचारीलाई सरकारलाई तलब भत्ताका साथै सेवा–सुविधा प्रदान गरेको छ। तर निर्माण कार्यमा कर्मचारी संयन्त्रबाट हुने नीतिगत भ्रष्टाचार रोक्नुपर्छ। सयममा नै निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारबाही नहुनु, विकास निर्माणको कार्यमा सम्बन्धित निकायबाट अनुगमन नहुनु नै विकास बजेट खर्च हुन नसक्नुको कारण हो। विकास निर्माणमा हुने ढिलासुस्ती, आलटालको अन्त्य गरेर समृद्ध नेपाल निर्माण गर्नका लागि विकास बजेटलाई पनि बढाउनुपर्छ। समस्याको पहिचान गरी समयमै काम नगर्ने दोषीलाई कारबाही गर्न सरकारले खुट्टा कमाउनुहुादैन।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# स्थानीय निर्वाचन र संविधान कार्यान्वयन



किरण गिरी

“स्थानीय तहको निर्वाचनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत मात्र गरेको छैन, यसको कार्यान्वयनमा स्थानीय जनप्रतिनिधि र जनता स्वयंलाई सक्रिय रुपमा सहभागी गराएको छ। अब दलहरु आगामी माघ ७ गतेभित्र प्रादेशिक र संघीय संसद्को निर्वाचन गराउनेतर्फ अनिवार्य रुपमा सक्रिय रहनुपर्ने संवैधानिक बाध्यता रहेको छ। यसबाट पनि स्थानीय तहको यो निर्वाचन संविधान कार्यान्वयनको सम्बन्धमा कोसेढुंगा साबित भएको छ।”

गत वैशाख ३१ गते प्रदेश नं. ३, ४ र ६ मा र असार १४ गते १, ५ र ७ मा स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचन सम्पन्न भएको छ। यसबाट २० वर्षपछि नेपाली जनताले आफ्ना जनप्रतिनिधिहरु मात्र पाएका छैनन्, संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान कार्यान्वयनको दिशामा अगाडिसमेत बढेको छ। आगामी असोज २ गते प्रदेश नं. २ मा तेस्रो चरणको निर्वाचन सम्पन्न भएपछि नेपालमा संविधानले परिकल्पना गरेको स्थानीय सरकार मुलुकभरि नै गठन हुनेछ।

नेपालको संविधानले गणतन्त्र नेपालमा पुनर्संरचनाअन्तर्गत ३ तहको सरकारको परिकल्पना गरेको छ। संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार। नेपालको संविधानको पूर्ण कार्यान्वयनको लागि ३ नै तहको निर्वाचन हुनु आवश्यक छ। यही आवश्यकता महसुस गर्दै स्थानीय तहको निर्वाचन सम्पन्न गरेर संविधान कार्यान्वयन र परिवर्तनलाई संस्थागत गर्ने अभियानमा राजनीतिक दलहरु जुटेका छन्।

स्थानीय तहको निर्वाचनले नेपाली जनतामा आशा र आकांक्षाका ठूलो सम्भावनाहरु खुल्ला गरेको छ। संविधानको धारा २१४ अन्तर्गत स्थानीय तहलाई स्वायत्त सुशासनयुक्त अधिकार सम्पन्न बनाएको छ। यसर्थ, अबको स्थानीय जनप्रतिनिधिहरुले आफ्नो स्रोत र साधनको जनताको पक्षमा प्रचूर मात्रामा परिचालन गर्न सक्नेछन्। संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) बमोजिम स्थानीय तहलाइ २२ वटा अधिकारहरु संविधानले प्रत्यायोजन गरेको छ। नगर प्रहरीको गठन र व्यवस्थापन, सहकारी संस्थाको अनुगमन, एफ.एम.को सञ्चालन, स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरको विकास आयोजना तथा परियोजनाहरु, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइको निर्माण, विस्तार र संरक्षण संवर्द्धनका अधिकारहरु स्थानीय तहलाई संविधान सम्मतरुपमा प्रदान गरिएको छ।

यसका साथै गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, घरजगगा धनी पुर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, बेरोजगारको तथ्यांक संकलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, विपद व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहले प्राप्त गरेको छ।

उल्लिखित जिम्मेवारी र भूमिका निर्वाह गर्न स्थानीय तह आफ्नो कार्यपालिकामार्फत अगाडि बढ्न सक्छ। आ-आफ्नो तहको मार्गनिर्देशनबमोजिम स्थानीय तह अगाडि बढ्ने कानुनी प्रावधान रहेको छ। गाउँपालिका गाउँसभाबाट निर्देशित हुनेछ भने नगरपालिका नगरसभाबाट निर्देशित हुनेछ। यसरी स्थानीय तहको बजेट, कर्मचारी, योजना परिचालन र व्यवस्थापनको निर्णय सम्बन्धित सभाबाट सम्पन्न गरेपछि स्थानीय तहले आफ्नो कार्यपालिकामार्फत विकास निर्माण र सेवाका योजनाहरुको सञ्चालन र परिचालन गर्ने जिम्मेवारी हुनेछ। उसले आफ्नो स्थानीय स्रोत र संघीय सरकारबाट प्राप्त अनुदान बजेटलाई कानुनी दायराभित्र रहेर परिचालन गर्ने जिम्मेवारी प्राप्त गरेको छ। यसलाई हेर्दा अबको स्थानीय तह एउटा संवैधानिक अंग नभएर संविधानप्रदत्त अधिकार रहेको स्थानीय सरकार हो। यस सन्दर्भमा पनि स्थानीय तहको निर्वाचन सम्पन्न हुनु अत्यन्त महत्वपूर्ण र औचित्यपूर्ण देखिन्छ।

यसबाट अब स्थानीय तह सशक्त संवैधानिक अंग मात्र होइन, प्रभावशाली जनताको स्थानीय सरकार पनि हो। अब स्थानीय निकायले आफ्नो स्थानीय तहको आवश्यकताअनुसार स्रोत-साधनको समुचित परिचालन गरेर आफ्नो क्षेत्रलाई आर्थिकरुपमा समृद्ध बनाउन सक्नेछन्। शिक्षा, स्वास्थ्य, खानेपानी, उद्योग व्यवसायको सञ्चालन अनुमति, सडक, यातायातको निर्माण र विस्तारलगायत सहकारी, सञ्चार र स्थानीय सुरक्षा निकायको व्यवस्थापनको जिम्मेवारी पनि स्थानीय तहले नै संविधान सम्मतरुपमा प्राप्त गरेको छ। यी अधिकारहरुलाई नवनिर्वाचित जनप्रनिधिहरुले दिगो र प्रभावकारीरुपमा परिचालन गर्नु जरुरी देखिन्छ।

स्थानीय तहको निर्वाचनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत मात्र गरेको छैन, यसको कार्यान्वयनमा स्थानीय जनप्रतिनिधि र जनता स्वयंलाई सक्रिय रुपमा सहभागी गराएको छ। अब दलहरु आगामी माघ ७ गतेभित्र प्रादेशिक र संघीय संसद्को निर्वाचन गराउनेतर्फ अनिवार्य रुपमा सक्रिय रहनुपर्ने संवैधानिक बाध्यता रहेको छ। यसबाट पनि स्थानीय तहको यो निर्वाचन संविधान कार्यान्वयनको सम्बन्धमा कोसेढुंगा साबित भएको छ। प्रजातन्त्रको सुन्दर पक्ष भनेको आवधिक निर्वाचन नै हो। यो निर्वाचनमा कुन पार्टीले बहुमत ल्यायो वा जित्यो-हाऱ्यो भन्नुभन्दा पनि निर्वाचित जनप्रतिनिधिहरुले स्थानीय तहको सञ्चालन र परिचालन गर्ने मौका पाएका छन्। उनीहरु जनताबाट निर्वाचित भएका र फेरि निर्वाचित हुने आकांक्षा र चाहना राख्ने दल एवं व्यक्ति भएकाले जनताप्रति पूर्णरुपमा उत्तरदायी हुनु जरुरी छ। यस निर्वाचनले जनताको प्रजातान्त्रिक हक, अधिकारको सुनिश्चितता प्रदान गरेको छ भने जनप्रतिनिधिहरुलाई जनताप्रति निरन्तर इमानदार र क्रियाशील हुन प्रेरणा पनि प्रदान गरेको छ।

लामो समयको अन्तरालमा सम्पन्न निर्वाचनमा मुलुकमा क्रियाशील राजनीतिक दलहरुबीच तीव्र प्रतिस्पर्धा हुनु स्वाभाविकै हो। तर यो प्रतिस्पर्धा निर्वाचनपछि आग्रह-पूर्वाग्रहको रुपमा अगाडि बढ्नुहुँदैन। जित्नेले जनताको सेवा गर्ने, हार्नेले आगामी निर्वाचनको तयारी गर्ने प्रजातन्त्रको राजनीतिक संस्कार पनि हो। राजनीतिक दल र जनप्रतिनिधिहरुले यसतर्फ आफूलाई केन्द्रित बनाउनुपर्दछ। स्थानीय तहको निर्वाचनमा कुन राजनीतिक दलले कति सिट जित्यो भन्ने विश्लेषण यहाँ गरिएको छैन। स्थानीय तहमा जनप्रतिनिधिहरु आएका छन्। उनीहरु संविधान, मुलुक र जनताप्रति इमानदार एवं क्रियाशील रहँदै स्थानीय तहलाई आर्थिक समृद्धितर्फ डोऱ्याउन लाग्नु जरुरी देखिन्छ।

यो स्थानीय तहको निर्वाचनले आगामी प्रादेशिक र संघीय संसद्को निर्वाचनको मोटामोटी खाका कोरेको छ। यसले संघीय र प्रादेशिक निर्वाचनको आधारसमेत तयार गरेको छ। यसर्थ, नेपालको संविधान २०७२ को कार्यान्वयनको पक्षमा यो निर्वाचन ठूलो संस्थागत आधार बनेको छ। संविधानको कार्यान्वयनको पक्षमा प्रश्न उठाउनेहरुका लागि झन्डै ७५ प्रतिशत नेपाली जनताले स्थानीय तहको निर्वाचनको मतदानमा सरिक भएर जवाफ दिएका छन्। नेपालको संविधान नेपाली जनताले बनाउने हो र यसको कार्यान्वयन पनि जनताले गर्छन् र गरेका छन् भन्ने सन्देश पनि यो चुनावले दिएको छ। संविधानको संशोधन र परिमार्जन जनप्रतिनिधिमूलक संस्थाले गर्ने भएकोले यसको परिमार्जन र संशोधनको प्रक्रिया पनि हाल संसद्मा निरन्तर अघि बढिरहेको छ। यसले पनि संविधान कार्यान्वयनमा राजनीतिक दलहरु सकारात्मक र रचनात्मकरुपमा अगाडि बढिरहेको सन्देश प्रवाह भएको छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको कार्यान्वयनको दिशामा ढिलै भए पनि राजनीतिक दलहरुबीच सहमति र सहकार्य हुनु सकारात्मक पक्ष हो। झन् यसलाई सार्थकरुपमा नेपाली मतदाताले समर्थन गरेर स्थानीय तहको निर्वाचनमा करिब ७५ प्रतिशत मत प्रदान गर्नुलाई परिवर्तनको संस्थागत विकास र संविधानको सफल कार्यान्वयनलाई जनताको पूर्ण सहयोग एवं समर्थन रहेको राजनीतिक तथ्य र दस्ताबेजको रुपमा लिन सकिन्छ।

(लेखक गिरी पत्रकार एवं राप्रपा सदस्य हुनुहुन्छ।)

## पाठक पत्र

### गणित शिक्षा र चुनौतीका सीमाहरू

कहिलै पुरानो नहुने थोरोको विश्वप्रसिद्ध भनाइ नै छ- 'पुरानो कोट लगाऊ, नयाँ पुस्तक किन।' शायद यही भनाइलाई अप्रत्यक्षरुपमा पछ्याएर पाइथागोरस, न्युटन, आर्किमिडिज आफ्नो नाम गणितज्ञका रुपमा दर्ज गर्न विश्वमै सफल कहलिए। उनैले हिँडाएको गोरेटोमा हामी लम्किरहेका छौं। शिक्षा भन्ने चीज कहिल्यै पूर्ण हुँदैन। जीवनपर्यन्त चलिरहन्छ।

गणित शिक्षाको सन्दर्भमा केही कुरा चर्चा गर्न आवश्यक ठानेको छु। गणित विषय नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमै एउटै प्रकृतिको छ। अझ भनौं, नेपालमा जुन गणित पढाइ हुन्छ अमेरिकामा पनि त्यही हो अथवा अन्य कुनै देश। यद्यपि विषय सूची तल-माथि पर्न सक्ला। विडम्बना, आज नेपालमा गणित शिक्षाको स्थिति निकै खस्कँदो र दयालाग्दो छ। प्रभावकारी शिक्षण विधि नहुनु, विषय शिक्षकले गणित नपढाउनु, शिक्षकले बुझे पनि विद्यार्थीलाई बुझाउने कला पर्याप्त नहुनु, माथिल्लो कक्षामा गणित विषय आफैंमा व्यावहारिक बन्न नसक्नुले पनि गणित विषयमा आमविद्यार्थीको चासो नबढेको हुन सक्ने देखिन्छ।

गणित विषयको विज्ञापन खोल्न थालियो भने बोर्डिङहरुमा एमएस्सीमा गणित गरेकालाई प्राथमिकता दिइन्छ। कारण हो, एउटै शिक्षकले गणित र विज्ञान पढाउनु। एउटा शिक्षक राख्दा दुईवटा विषय पढाएपछि बोर्डिङको आयभार घट्छ भनेर यसो गरेको देखिन्छ। एक अध्ययनले भनेको छ,- अधिकांश विद्यालयमा सम्बन्धित शिक्षकले भन्दा अन्य विषय पढाउने शिक्षकले गणित विषय पढाउँदा विद्यार्थीहरुको जग अर्थात् बेस कमजोर भएको देखिन्छ। शिक्षक हुनलाई कम्तीमा अध्यापन अनुमति पत्र हुनुपर्छ र शिक्षण विधिको बारेमा बुझेको हुनुपर्छ। अहिले गणितबाट स्नातकोत्तर गरेकाहरु खालि बसेका छन् तर शिक्षण विधि नबुझेर दुईवटा विषय मावि तहसम्म एमएस्सी गरेकाहरुले पढाइरहेको देखिन्छ। क्षमताको विरोध गरेको होइन। प्रक्रिया आफैंमा विरोधाभास छ। यसतर्फ सरकार र जिल्ला तहमा जिल्ला शिक्षा कार्यालय वा सरोकारवालाले ध्यान पुऱ्याउन आवश्यक देखिन्छ।

गणित विषय र यसलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न निकै जरुरी देखिएको छ। गणित आफैंमा तथ्य हो, जसले घरायसी समस्यादेखि हरेक समस्याको सहज तरिकाले हल गर्न सक्छ। घरायसी कामदेखि उच्च कार्यालयहरुमा समेत गणितको प्रयोग प्रत्यक्ष र अप्रत्यक्ष तवरले भइरहेको हुन्छ। पसलमा तरकारी किन्दा होस् अथवा कार्यालयहरुको बर्सेनि लेखापरीक्षण गर्दा होस्, गणित नहुँदो हो त यो संसार कस्तो हुने थियो ? हामी कल्पना गर्न पनि सक्दैनौं। बिहान उठ्दा कति बज्यो भनेर सोध्छौं, बेलुका अफिस कति बेला छुट्टी हुन्छ भन्छौं। जहाँ कति भन्ने प्रश्न उब्जन्छ त्यहाँ गणित लुकेको हुन्छ। विडम्बना, अहिले गणितलाई अंकसँग मात्रै दाँज्ने काम गरिएको छ। मानव जातिको उत्पत्तिसँगै गणितको पनि उत्पत्ति भएको हो। अंक प्रणालीको विकास नहुँदा ढुंगेयुगमा ढुंगालाई मनन गर्ने र कति वटा ढुंगा बराबर कति वटा लालाबाला अर्थात् वस्तु थिए भन्ने अनुमान गरिन्थ्यो। बिस्तारै गणित विषयलाई लोप गराइँदै छ। यद्यपि गणित विषयलाई भित्री आत्मादेखि मनन नगरेर लोप गराइए पनि वास्तविक तहमा गणित कहिल्यै हराउँदैन।

गणितको विकासका लागि केही चुनौतीहरु खडा भएका छन्। गणित तथ्य, सत्य र वैज्ञानिक रुप हो। हामीले गणित विषयलाई खेलौना ठान्नुहुँदैन। शिक्षण प्रक्रियामा गणितको जग हाल्न आवश्यक छ। कक्षा १ मा १, २, ३ को धारणा विकासदेखि स्नातकोत्तर तहसम्म गणितले निकै मोड फेरेको छ।

जबसम्म व्यावहारिक तरिकाले गणित विषय शिक्षण गरिँदैन तबसम्म विद्यार्थीले रस पाउन सक्दैनन्। अन्ततः शैक्षणिक योजना विफल हुन्छ। घन, आयत, क्षेत्रफल, उचाइ, दूरी, समय, लम्बाइ, गतिजस्ता हरेक क्षेत्रमा गणित उपयोगी छ। मान्छेको उचाइ नाप्दा होस् अथवा दूधको मापन गर्दा अथवा विद्यार्थीले परीक्षामा ल्याएको अंकलाई प्रतिशतमा बदल्दा नै किन नहोस्, अथवा बैंकमा ऋण तिर्दा अथवा बच्चाको तौल नाप्दा नै किन नहोस्। गणितकै खाँचो छ। तर अबको गणित शिक्षा मौलिक र व्यावहारिक हुन आवश्यक देखिन्छ। त्यसको शुरुवात पाठ्यक्रममा केही आंशिक परिवर्तन हो। हो, अहिले गणित विषयमा विद्यार्थीको रुचि घटेकै हो।

हामी गणितमा डेरिभेडिभ, एन्टिडेरिभेटिभ, लिमिट, सेट, स्टान्डर्ड डेभिएसन, थ्योरमलगायतका विषयवस्तु त पढ्छौं तर ठ्याक्कै कहाँ प्रयोग गरिन्छ, व्यावहारिकतः अधिकांश विद्यार्थीले थाहा पाउँदैनन्। केवल कक्षा तह बढाउन मात्रै पढेजस्तो भएको छ। हो, अबको शिक्षा थाहा पाउने र बुझ्ने गरी कलात्मक तरिकाले पढ्न सकियो भने त्यसले दीर्घकालीन महत्व राख्छ। नत्र अनावश्यक तरिकाले घोकन्ते तवरले पढियो भने दिमागको बोझबाहेक केही हुँदैन। यसका लागि सरकारले शिक्षकलाई विशेष प्रकारको तालिम दिने कार्यलाई अघि बढाउन आवश्यक देखिएको छ। गणितप्रति रुचि बढाउन तल्लो कक्षादेखि नै शिक्षण विधि विद्यार्थी-मैत्री बनाउँदै लैजानुपर्छ।

*- कोपिला लामिछाने, गोरखा*
*हाल : बबरमहल, काठमाडौं*

### दार्चुलाको विकास कहिले होला ?

यो सूचना प्रविधिको युग हो। विश्वमा सूचना तथा सञ्चारले गतिलो ढंगले फड्को मारेको छ। तर दार्चुलाको चार स्थानीय तहमा अझै सञ्चार सेवा उपलब्ध हुन नसकेको खबर सञ्चारमाध्यममा आउँछ। यो विडम्बना नेपालमा कहिलेसम्म कायम हुने हो ? जिल्लाको अपी हिमाल, मार्मा, नौगाड र व्यास गाउँपालिकामा टेलिफोनले काम नगर्ने समस्याले हरेक कुरामा त्यहाँका जनता पछाडि परेका छन्। यो विषयमा सम्बन्धित निकाय अर्थात् सिंहदरबारको ध्यान जान जरुरी छ।

*- विद्यासुन्दर र जयेन्द्र, दार्चुला*

### नेपालले साँच्चै धान्ला त ?

स्थानीय जनप्रतिनिधि र ५ सय ७५ सभासद, ८० राष्ट्रिय स्तरका दल, हजारौं नेता, ४० भन्दा बढी मन्त्री। यति धेरैलाई पाल्न नेपाल सरकारले कसरी सक्ला र ? गाडी, घोडा र सुविधा उस्तै। संघीयतामा गएर विकास त हुन्छ तर जनताको कर बढाएर मात्रै विकासको बाटो खोजेर हुन्न। विदेशबाट कमाएको पैसाले यो देश धेरै धानिँदैन। नेपालको प्राकृतिक स्रोत र सम्पदाको समुचित प्रयोग गर्दै उद्योग, कारखाना र स्वरोजगारको वातावरण बनाएर आत्मनिर्भरको बाटो रोजौं।

*- श्याम पन्थी, गुल्मी*

## सामाजिक सञ्जाल



भारतद्वारा सीमाक्षेत्रमा लगाइएको बाँधको कारणले सप्तरीमा यसपटक पनि बाढीबाट ठूलो क्षति। तत्काल राहतका साथै दीर्घकालीन हलका लागि पहल आवश्यक।

**NKShresthaPrakash**
**@nksthaprakash**



भन्छन्- असाध्यै खुशीमा बाचा नगर्नू, असाध्यै पीडामा प्रतिज्ञा नगर्नू। अब असाध्यै ठुस्केर अन्तर्वार्ता नदिनू।

**Buddhisagar**
**@buddhisagar**



विकासको दीर्घकालीन सोचका साथ अगाडि बढ्ने हो भने निजामती कर्मचारी र विश्वविद्यालय प्राध्यापकहरूको दलगत संगठन खारेज गर्ने हिम्मत गरोस् सरकारले।

**Siromani Dhungana**
**@siromanid**

२०७४, असार
बुधबार
२१

पूर्व क्षेत्रका दुई नगर प्रहरीले तास खेलेको विषयमा स्पष्टीकरण सोध्न नमानेपछि प्रहरी महाशाखा प्रमुख विष्णुप्रसाद जोशीले स्पष्टीकरण सोध्दा डीएसपी अर्यालले पत्र च्यातेको विषयमा जानकारी लिन महानगरको कार्यालयमा बोलाउँदा दुई डीएसपीले आफूले कसैको पनि आदेश नमान्ने बताएका थिए।



# नेपाल

## संक्षेप

### उद्योग विभागका नासुविरुद्ध मुद्दा दायर

काठमाडौं, (नेस)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उद्योग विभाग त्रिपुरेश्वरका नायब सुब्बा गोविन्दप्रसाद कँडेलविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका प्रवक्ता जीवराज कोइरालाका अनुसार नायब सुब्बा कँडेलले नेपालगन्जस्थित खड्का इन्डस्ट्रिज नामक पानी उद्योगको ट्रेडमार्क चिह्न प्रदान गर्ने सिलसिलामा ३३ हजार रुपियाँ घूस मागेको भन्ने सूचनाका आधारमा आयोगको टोलीले केही दिन पहिले उनलाई नियन्त्रणमा लिएको थियो।

नायब सुब्बा कँडेलले कुशश्री विकमार्फत घूस लिएका थिए। लिएको रकममध्ये १ हजार आफैंसँग राखी ३२ हजार कँडेललाई उपलब्ध गराएको आयोगले जनाएको छ। आयोगले बिगोसमेत असुल गरी हदैसम्मको कारबाहीको माग गर्दै मुद्दा दर्ता गरेको जनाएको छ।

### प्रहरीको परीक्षा हुने

काठमाडौं, (नेस)

जनपद तथा प्राविधिकतर्फको प्रहरी जवान पदमा खुल्ला प्रतियोगिताअनुसार पदपूर्ति गर्न प्रकाशित विज्ञापनअनुसार दरखास्त दिएका उम्मेदवारहरूको प्रतियोगितात्मक परीक्षा शुरु हुने भएको छ।

उक्त प्रतियोगिताअन्तर्गत जनपदतर्फको प्रहरी जवान पदका लागि असार २६ गतेदेखि र प्राविधिकतर्फका प्रहरी जवान पदका लागि असार २५ गतेदेखि प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा हुने भएको हो।

साथै प्रहरी कार्यालय सहयोगी पदको विस्तृत स्वास्थ्य परीक्षण परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूको असार २६ गतेदेखि महानगरीय प्रहरी शिक्षालयमा प्रयोगात्मक परीक्षा सञ्चालन हुने प्रहरीले जनाएको छ।

## ललितपुरका तीन वडा बालश्रम मुक्त हुने

सुनिल महर्जन, ललितपुर

ललितपुर महानगरपालिकाले नगरका ३ वडालाई बालश्रम मुक्त घोषणा गर्न अन्तिम तयारी गरिरहेको छ। घोषणा गर्ने चरणबद्ध तयारी भइरहँदा स्थानीयवासीहरूले यस पटक पनि विगतमा झैं सरोकारवालाहरूलाई किनाराको साक्षी राखेर मात्र घोषणा हुने त होइन भन्ने गुनासो गर्न थालेका छन्।

महानगरपालिकाले वडा नम्बर ३, ५ र १२ लाई बालश्रम मुक्त घोषणा गर्ने तयारी गरिरहेको छ। बालमुक्त नगर बनाउने दीर्घकालीन लक्ष्यसंग जोडिएको कार्यप्रति आफ्नो सक्रिय सहभागिता र अपनत्व वृद्धि गर्नुपर्ने स्थानीयको माग रहेको छ।

महानगरपालिकाले यसअघि पहिलो चरणमा साविकको २१, दोस्रो चरणमा साविकको १३, १४ १६, १८ वडालाई बालश्रम मुक्त वडा घोषणा गरिएको थियो। 'यस पटक त अत्यधिक बालश्रम रहेको क्षेत्रमा बालश्रम मुक्त घोषणा गर्ने तयारी गरेको छ। यसमा स्थानीय सरोकारवालाको सहयोग र समन्वय भएन भने बालश्रम मुक्त घोषणा घोषणामा सीमित हुने सम्भावना रहन्छ।' -बाल अधिकार क्षेत्रमा क्रियाशील स्थानीय एक अधिकारकर्मीले भने।

हाल महानगरपालिकाले घोषणाका लागि बालश्रमको तथ्याङ्क संकलन कार्य गर्ने, अभिमुखीकरण गर्ने कार्य भइरहेको महानगरपालिका समाज कल्याण महाशाखाका अधिकृत सरिता महर्जनले जानकारी दिनुभयो। विभिन्न चरणहरू पुरा गरिसकेपछि बालश्रम नभएको यकिन भएपछि अभियानअन्र्तगत बाल श्रमिक नरहेको घर, व्यवसाय र उद्योगमा प्रमाण स्वरुप हरियो झण्डा राख्ने महानगरपालिकाको तयारी रहेको पनि अधिकृत महर्जनले बताउनुभयो।

'यो अभियानअन्र्तगत सम्बन्धित वडामा बालश्रम प्रयोग नभएको घर, पसल, तथा कारखानामा सबैले देख्ने गरी हरियो झण्डा राखिनेछ। हरियो झण्डा राख्नु बालश्रम नरहेको प्रतिकात्मक संकेत हो।' -अधिकृत महर्जनले भन्नुभयो।

यसले एकातिर बालश्रम प्रयोग भएको र नभएको घर छुट्टिने मात्र नभइ त्यसका विरुद्ध सामाजिक र नैतिक दबाब सिर्जना गर्न सहयोग पुर्‍याउने महानगरपालिकाको विश्वास रहेको छ। घोषणा गरेअनुरुप गर्न सके राम्रो हुने बताउँदै स्थानीयहरूले कागजमा एउटा व्यवहारमा अर्को हुने अवस्था आउन नहुने धारणा राख्छन्।

'बालश्रम न्यूनीकरण कार्यको सचेतनासंग जोडिएको विषयलाई औपचारिकता वा घोषणामा मात्र सीमित गर्नुहुन्न। यस कार्यमा सरोकारवालाहरूलाई पनि समेटिएर लानुपर्दछ।' -कुमारीपाटी व्यापार व्यवसायी संघका अध्यक्ष पुष्परत्न शाक्यले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

ललितपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष रहनुभएका ताम्रकारले विगतमा झैं यसपटक बालश्रम घोषणा गर्न अत्यधिक चुनौती रहेकोले यस कार्य उचित तयारी गरेरमात्र गर्नुपर्नेमा जोड दिनुभयो।

असार मसान्त भित्रमा अन्य वडाहरूलाई पनि बालश्रम मुक्त घोषणा गर्ने लक्ष्य रहेको महाशाखाका प्रमुख प्रेमबहादुर थापाले जानकारी दिनुभयो। यसका लागि छलफल भइरहेको पनि उहाँले जानकारी दिनुभयो। सन् २०३० सम्ममा सबै किसिमका बालश्रम अन्त्य गर्ने लक्ष्यलाई टेवा पुर्‍याउन सो अभियान अघि सारेको महानगरपालिकाले जनाएको छ।

नेपालमा पाँचदेखि १४ वर्षसम्मका बालश्रमिकहरूको संख्यामा कमी आए पनि जोखिमपूर्ण काम गर्ने १५ देखि १६ वर्ष बालबालिकाहरूको संख्या भने झन् बढेको अनुमान छ। नेपालमा अझै पनि छ लाख २१ हजार बालबालिका जोखिमपूर्ण श्रम गर्न वाध्य रहेका विभिन्न अध्ययनले देखाएको छ।

## मुग्लिन-नारायणगढमा राति सवारी चल्न नदिन निर्देशन

काठमाडौं, (नेस)

व्यवस्थापिका संसद्अन्तर्गतको विकास समितिले मुग्लिन-नारायणगढ सडक खण्डमा रातिको समय सवारी गुडाउन नदिनु भन्दै सम्बद्ध निकायहरूलाई निर्देशन दिइएको छ। उक्त सडक खण्डको स्थलगत निरीक्षण भ्रमण पश्चात सिंहदरबारस्थित समितिको सभाहलमा मंगलबार बसेको बैठकले यस्तो निर्देशन दिएको हो।

नियमित जस्तो आइरहेको पहिरोका कारण जनधनको क्षति भई सवारी आवागमनमा असहज भएको भन्दै समितिको बैठकले उक्त सडकखण्डमा थप सडक सुरक्षाको प्रवर्द्धन गर्न, यस सडकखण्डमा वर्षायामको समयसम्म (करिब डेढमहिना) रातिको समयमा सवारी आवागमनलाई निषेध गर्न निर्देशन दिने निर्णय गरेको छ।

साथै समितिले सो अवधिमा वैकल्पिकमार्गको प्रयोग गर्न, संम्भव भएसम्म राति पनि सडक विस्तारको कार्य गर्न तथा जोखिमयुक्त वस्तीहरूलाई स्थानान्तरण गर्न वा तत्काल वैकल्पिक व्यवस्थापन गर्न नेपाल सरकार, गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिएको छ।

यो सडक खण्ड सम्झौताअनुसार यसै वर्षको अप्रिल महिनाभित्रै निर्माण सम्पन्न गरि हस्तान्तरण भइसक्नुपर्नेमा हालसम्म औषतमा ५० प्रतिशत मात्रै कार्य सम्पन्न भएको पाइन्छ। समयमा नै निर्माण सम्पन्न नहुनुमा जे-जस्ता कारणहरू भए पनि आगामी दिनमा उक्त सडकखण्ड विस्तारको कार्यलाई द्रुतगतिमा गर्न गराउन र सन् २०१७ भित्रै निर्माण कार्य सम्पन्न गरिसक्नसमेत समितिले निर्देशन दिएको छ।

त्यस्तै त्रिपुरेश्वर-कलंकी-नागढुङ्गा सडकखण्डमा अत्याधिक सवारी चाप रहेकोले सडक विस्तार अनिवार्य रहेको समितिले ठहर गरेको छ। यो सडकखण्ड विस्तारका लागि घर जग्गाको मुआब्जामा समस्या, नगर विकास मापदण्डअनुसारको विस्तारमा रहेको समस्या, फरकफरक मितिमा नेपाल सरकारले गरेको निर्णयअनुसार पर्न गएको समस्याहरूलाई छिटोभन्दा छिटो टुङ्ग्याउनसमेत समितिले सम्बन्धित निकायलाई निर्देशन दिएको छ।

समितिले सो सडकखण्ड विस्तारका सम्बन्धमा सर्वोच्च अदालतको आदेशको उच्च सम्मान गर्दै पीडितहरूलाई कानुनबमोजिम क्षतिपूर्तिसमेत उपलब्ध गराइ सम्भावित उपायसमेत पहिल्याइ उक्त विस्तार कार्य शीघ्रातिशीघ्र गर्न गराउन निर्देशन दिएको छ।

## महानगरपालिकामा छाडातन्त्र
### 'मान्दै मान्दिनँ, के गर्छौ ?'

ईश्वरराज ढकाल
काठमाडौं

'हामी किन उसले भनेको मान्ने? मान्दै मान्दैनौं, तपाईंले जे गर्नुछ गर्नुस्।' यो भनाइ काठमाडौं महानगरपालिकाका दुई नगर नायब निरीक्षक (डीएसपी) को हो। आफ्नो मातहतका प्रहरीलाई किन स्पष्टीकरण नसोधेको? भन्ने विषयमा छलफल गर्न बोलाउँदा डीएसपीद्वय राजुनाथ पाण्डे र दिनेश अर्यालले कामपाका प्रशासन विभाग प्रमुख ज्ञानेन्द्र कार्कीलाई यस्तो जवाफ दिएका थिए।

पूर्व क्षेत्रका दुई नगर प्रहरीले तास खेलेको विषयमा स्पष्टीकरण सोध्न नमानेपछि प्रहरी महाशाखा प्रमुख विष्णुप्रसाद जोशीले स्पष्टीकरण सोध्दा डीएसपी अर्यालले पत्र च्यातेको विषयमा जानकारी लिन महानगरको कार्यालयमा बोलाउँदा दुई डीएसपीले आफूले कसैको पनि आदेश नमान्ने बताएका थिए।

'हामीले स्पष्टीकरणको विषयमा जानकारी लिन बोलाउँदा दुई वरिष्ठ नगर प्रहरीले मनपरी गाली गरे। कार्यालय नजिक सुन्नेले समेत प्रहरीको आचरणप्रति प्रश्न गरे- 'ओहो ! कस्तो प्रहरी हो ? कार्यालय प्रमुखलाई मनपरी बोल्ने? उनीहरूलाई कारबाही गर्न नसक्ने पनि त्यस्तै प्रशासन।'

स्पष्टीकरणको विषयमा जानकारी लिन बोलाउँदा प्रहरी महाशाखा प्रमुखको भनाइ नमान्ने भन्दै प्रशासन विभागका प्रमुख कार्की र महाशाखाका प्रमुख हरि कुँवरले सम्झाउन खोज्दा डीएसपी अर्याल र पाण्डेले तथानाम बोलेका थिए। विभागीय प्रमुख कार्कीले आचरणविपरीत काम गर्ने माथि कारवाही गर्ने चेतावनी दिएका थिए।

महानगरका प्रहरीबीच अहिले अत्यन्तै भनाभनको अवस्था आएको छ। आफूसंगैका डीएसपी जोशीलाई प्रमुख बनाएको विषयमा कार्की र पाण्डेले आक्रोश पोख्दै आएका छन्।

वरिष्ठताको आधारमा कामपाले जोशीलाई नै प्रमुख बनाएको थियो। डीएसपीद्वयले भने संगैका प्रहरीलाई हामी कसरी 'प्रमुख' मान्ने भन्दै जोशीको निर्देशनको ठाडै उल्लंघन गर्दै आइरहेका छन्।

एक नगरप्रहरीले नेपाल समाचारपत्रसंग भने- 'अहिले हाम्रो डीएसपी साबबीच त बोलचाल नै छैन। यहाँसम्म कि प्रमुख जोशी साबले सेटबाट दिनुभएको निर्देशन पाण्डे साबले मान्नुहुँदैन। सेटमासमेत बोल्नुहुँदैन।' आफू जुनसुकै तबरले भए पनि प्रमुख बन्ने चक्करमा लागेका पाण्डेले आफूसंगैको प्रहरीको कुनै पनि कुरा नमान्ने बताउँदै आउनुभएको छ।

हाल कामपामा ३ डीएसपी, ५ जना प्रहरी निरीक्षक र अन्य गरी १ सय २५ जना नगर प्रहरी कार्यरत छन्। अहिले डीएसपीबीच भनाभन हुँदै पानी बाराबारको स्थिति भएपछि संगठनसमेत भद्रगोल हुन थालेको छ।

कार्यकारी अधिकृत ईश्वरराज पौडेलले संगठनको नियमअनुसार वरिष्ठताको आधारमा जोशीलाई प्रमुख बनाउनुभएको थियो। 'प्रमुखको निर्देशन नमान्ने प्रहरीमाथि पहिलो चरणमा स्पष्टीकरण सोध्छौं, नमाने कारवाही प्रक्रिया अघि बढाउनेछौं' -प्रशासन विभाग प्रमुख कार्कीले भन्नुभयो।

उहाँले मंगलबार कार्यालय खुल्नासाथ आएका दुई डीएसपीले अशोभनीय क्रियाकलाप गरेको बताउनुभयो। 'हामी नियमविपरीत चल्ने जोसुकैलाई छाड्दैनौं' -उहाँले भन्नुभयो।

**राष्ट्रिय खेलकुद परिषद्**
त्रिपुरेश्वर काठमाण्डौं

**प्रि-क्वालिफिकेशन छनौट तथा बोलपत्र आह्वानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७४/०३/२१ (July 05, 2017)

Procurement of Works: "Construction of Swimming Pool at Satdobato, Lalitpur"
Source of Financing: Government of Nepal

यस परिषद् अन्तर्गत माथि उल्लेखित निर्माण कार्य गर्न प्रि-क्वालिफिकेशन छनौटको लागि मिति: २०७३/११/२८ गतेको काठमाण्डौं पोष्टमा पहिलो पटक सूचना प्रकाशित भएको र मिति: २०७३/१२/२५ मा संशोधन भए अनुसार सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३५ को उपनियम १ बमोजिम पूर्वयोग्यता सम्बन्धी कागजातमा उल्लेखित योग्यताका प्रत्येक आधार पूरा गर्ने निम्न आवेदकहरू योग्यता परिक्षणमा छनौट (क्वालिफाइड) भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा १२ को उपदफा (५) र (६) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | छनौट भएका आवेदकको नाम र ठेगाना |
|---|---|
| १. | Mahadev Khimti Nirman Sewa/Prera Nirman Sewa/Pratistha Construction Company J.V, Kathmandu |
| २. | BKOI Builders/Kirateshwor Construction & Drilling Company/Mahalaxmi Construction Concern J.V, Kathmandu |
| ३. | Sharma & Company/MA Construction J.V, Kathmandu |
| ४. | Jaya Buddha Nirman Sewa/Bangalamukhi Construction J.V, Kathmandu |

**माथि उल्लेखित छनौट भएका आवेदकहरुबाट निम्न शर्तहरुको अधिनमा रही नियमानुसार बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।**

१. बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र छनौट भएका आवेदकहरूले निवेदन सहित बोलपत्र दस्तुर रू. २०,०००/०० (अक्षेरेपी रू. बीस हजार रूपैया मात्र) फिर्ता नहुने गरी यस परिषदको कृषि विकास बैंक, त्रिपुरेश्वरको खाता नम्वर ०२१०६००१९९२३८०१९ (०३०७३०) मा जम्मा गरेको सक्कल भौचर पेश गरेमा यस परिषद्को दर्ता शाखाबाट उपलब्ध गराईने छ ।
२. बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका सबै विवरणहरू प्रस्टसंग भरी आवेदकहरूले प्रत्येक पानामा सहीछाप र सिलवन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम स्पष्ट संग उल्लेख गरी ३१ औं दिन दिनको १२:०० बजे भित्रमा यस परिषद्मा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता भएको बोलपत्र सोही दिनको १:०० बजे उपस्थित बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा यस परिषद्मा खोलिने छ । बोलपत्रदाताहरू वा प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र जमानत बापत रकम रू. ८०,०५,०००/- (अक्षेरूपी रू. असी लाख पाँच हजार रूपैया मात्र) कृषि विकास बैंक, त्रिपुरेश्वर अन्तर्गत परिषद्को धरौटी खाता नं. ०२१०६००१९९२४००१३ (०३०७५२) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट स्वीकृत प्राप्त "क" बर्गको वाणिज्य बैंकहरूबाट सो रकम बराबरको यस परिषद्को नाममा जारी गरिएको विडबण्ड (बोलपत्र खोलेको मितिले कम्तीमा १५० दिन अवधिको) पेश गर्नुपर्ने छ । ज्वाइन्ट भेन्चर (JV) फर्मले बिडबण्ड पेश गर्दा ज्वाइन्ट भेन्चर (JV) मार्फत नै पेश गर्नुपर्ने छ ।
४. बोलपत्र शर्त रहित, केरमेट नभएको (यदि केरमेट गर्नु पर्ने भएमा केरमेट गरेको स्थानमा सहिछाप गरिएको) हुनुपर्ने छ । कार्यालयले उपलव्ध गराईएको बोलपत्र सम्बन्धी कागजातमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्ने छ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको र सूचनाका शर्त विपरीत भएको बोलपत्र माथि कारबाही हुने छैन ।
५. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरूले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी दररेट पत्र भरेको मानिने छ ।
६. बोलपत्र भर्दा दररेटमा स्पस्ट रूपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षर फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई कानूनी मान्यता दिइने छ ।
७. बोलपत्र खरिद गरी दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदापछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।
८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रूपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस परिषद्मा निहित रहने छ ।
९. बोलपत्रदाताले आफूले कबोल गर्ने अंक मूल्य अभिवृद्धिकर बाहेकको हुनुपर्ने छ ।
१०. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस परिषद्मा सम्पर्क राख्नु पर्ने छ ।
११. यस सूचनामा उल्लेख नभएका शर्तको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

**बोधार्थ:**
१. United Builders & Engineers/Diwa Nirman Sewa /Hanuman Construction J.V, Kathmandu
२. Pappu Construction/Lumbini Builders J.V, Kathmandu

## सिनेमा कर्नर

TODAY'S MOVIES

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising

Tubelight 8:20, 11:20 2:20, 5:20
रातो घर 8:20, 11:20 2:20, 5:20
Raabta 8:20, 11:20 2:20, 5:20
Kidnap 8:20, 11:20 2:20, 5:20
तारेभिर 8:20, 11:20 2:20, 5:20
लाल्टीन 8:20, 11:20 2:20, 5:20
पर्व 8:20, 11:20 2:20, 5:20




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Tubelight
तारेभिर
कमीना
लाल्टिन
Karkhana
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आकस्मिक रोगको भय, काममा बाधा-व्यवधान, धन हानि ।
**वृष** : धनलाभ, बाहनलाभको सम्भावना, जीवनसाथीबाट सहयोग ।
**मिथुन** : आर्थिक लाभ, विजयको सम्भावना, स्वास्थ्यलाभ, सुख ।
**कर्कट** : काममा सफलता, धनलाभ, सन्तान-सुख, शुभ कार्य ।
**सिंह** : स्वास्थ्य समस्या, पारिवारिक विवाद, दौडधुप, आलस्य ।
**कन्या** : द्रव्यलाभ, पराक्रम-प्रतिष्ठा वृद्धि, पुरस्कृत हुने सम्भावना ।
**तुला** : धनलाभ, मानसिक क्षमता वृद्धि, सुख-सन्तोष ।
**वृश्चिक** : अन्नलाभ, भाग्योदय, उपहार प्राप्ति, उत्तम भोजन, कार्य सफल ।
**धनु** : धननाश, रोगको सम्भावना, दुर्घटनाको भय, विवाद ।
**मकर** : वस्तु/सेवाको प्राप्ति, उत्तम भोजन, परिवार-सुख, आर्थिक लाभ ।
**कुम्भ** : सुख-सन्तोष, सफलता, स्वस्थताको महसुस, मन प्रफुल्लित ।
**मीन** : राज्यबाट लाभ, यश वृद्धि, व्यापारमा आम्दानी, फलदायक यात्रा ।

# नेपाल

लामो समयदेखि पानी नपर्दा कृषकहरूले खेतबारीमा लगाएको कोदो, कागनु, पाखो धान, धानको बीउ ब्याडमा नै सुक्न थाले पछि सोरु भेगका साविकका गाविसहरु जिमा, नार्थपु, भिई, फोतुका स्थानीयबासीको बालीनाली खडेरीले बढी असर पारेको छ भने कर्णाली नदीवारिका रारा, कालै र धैनकोटमा आशिक प्रभाव पारेको छ।

## 'लामो खडेरीले अनिकाल निम्त्याउने भो'

**वीरबहादुर बम**
मुगु

अविरल वर्षाले देशको विभिन्न भागमा बाढी पहिरो गएर ठूलो जनधनको क्षति पुऱ्याइरहेको समाचार प्रकाशित भइरहँदा मुगु जिल्लाको उत्तरी क्षेत्रमा पर्ने सोरु गाउँपालिकामा लामो खडेरीले भोकमारी निम्त्याउँदै छ। यहाँ लामो समयदेखि परेको खडेरीले खेतमा लगाएको बालीनाली सुक्न थालेपछि कृषकहरू चिन्तित बनेका छन्।

लामो समयदेखि पानी नपर्दा कृषकहरूले खेतबारीमा लगाएको कोदो, कागनु, पाखो धान, धानको बीउ ब्याडमा नै सुक्न थालेपछि सोरु भेगका साविकका गाविसहरू जिमा, नार्थपु, भिई, फोतुका स्थानीयबासीको बालीनाली खडेरीले बढी असर पारेको छ भने कर्णाली नदीवारिका रारा, कालै र धैनकोटमा आशिक प्रभाव पारेको छ।

चैतको अन्तिमदेखि नै वर्षा हुन छोडेपछि खेतबारीमा लगाएको बालीनाली सुक्न थालेको छ। स्थानीयबासीहरू २ वर्षअगाडिको खडेरीपछि सिर्जना भएको भोकमरी फेरी दोहोरिने हो कि भन्ने चिन्तामा छन्। सिँचाइयोग्य जमिन पनि कम भएको र सबै खेती आकाशेपानीका भरमा गर्नुपर्ने भएकाले खडेरीले लगाएको बालीनाली सबै डढाएपछि चिन्ता थपिएको स्थानीयबासीको भनाइ छ। २ वर्षअघि परेको खडेरीले भोकमरी हुँदा यो क्षेत्रका सबै युवा एकछाक कमाउनकै लागि भारत पसेको लगत्तै अहिले पनि खडेरीले त्यही अवस्था निम्त्याउने हो कि भन्ने चिन्तामा स्थानीयबासीमा पीर थपिएको नार्थपुका स्थानीय शिक्षक हीरालाल शाहीले बताए।



खडेरीका कारण खोलामा बग्ने र पानीका मुहानसमेत सुक्दै गएकाले खानेपानीको पनि हाहाकार हुँदै गएको उनिहरूको भनाइ छ। खडेरीका कारण वनपाखामा समेत घाँसपात पलाउन नसक्दा गाईबस्तुलाईसमेत के खुवाउने भन्ने समस्या परिरहेको वञ्जाय गाउँका राजबहादुर मल्लले बताए। खडेरीका कारण पानीका स्रोत सुक्दै गएकाले रोपाइँसमेत गर्न नपाई धानको बीउ ब्याडमा नै सुकेको र मान्छेका लागि बिहान-बेलुकी एकछाकको जोहो गर्न सकिने भए पनि गाईबस्तुका लागि दिन प्रतिदिन समस्या पर्दै गएको सोरुकोटका स्थानीय स्वास्थ्यकर्मी बिर्खबहादुर मल्लले बताए। सुख्खा खडेरीका कारण स्थानीयबासी, बालबालिकामा आउँमासी, ज्वरो, रुघाखोकीको जस्तो प्रभाव देखिन थालेको उनले बताए। यो बेला सोरु भेगमा खडेरीका कारण बालीनाली सुकेको तथा यसले मानवीय संकट बढाउन सक्ने संकेत देखिएको भन्ने जानकारी प्राप्त भएको र अब केही दिनभित्रै खडेरीग्रस्त ठाउँतिर प्राविधिक तथा कर्मचारी पठाउने तयारी भइरहेको जिल्ला कृषि विकास कार्यालयका कृषि प्रसार अधिकृत रामसुरथ पालले जानकारी दिए।

## हेटौंडामा ७ सय ६ उम्मेदवारको धरौटी जफत

**नेपाल समाचारपत्र**
हेटौंडा

प्रदेश नम्बर ३ अन्तर्गत वैशाख ३१ मा मकवानपुरमा भएको पहिलो चरणको स्थानीय तह निर्वाचनमा विभिन्न पदमा उठेका ७ सय ६ उम्मेदवारको धरौटी जफत भएको छ।

निर्वाचनमा सबभन्दा धेरै हेटौंडा उप-महानगरपालिकामा २ सय जना उम्मेदवारको धरौटी जफत भएको छ। उप-महानगरमा सबै पदका लागि ४ सय १५ जनाको उम्मेदवारी परेको थियो।

मकवानपुरका ८ वटा गाउँपालिका, एक नगरपालिका र एक उप-महानगरपालिकाको स्थानीय तहका लागि उम्मेदवारी दिएकामध्ये ७ सय ६ जनाको धरौटी जफत हुने भएको हो। निर्वाचनमा कुल खसेको सदर मतको १० प्रतिशत मत नआए धरौटी जफत हुने जिल्ला निर्वाचन कार्यालय मकवानपुरले जनाएको छ।

मकवानपुरमा २ हजार २ सय ४० उम्मेदवारमध्ये सबभन्दा बढी हेटौंडा उप-महानगरका उम्मेदवारको धरौटी जफत हुने भएको छ। इन्द्रसरोवर गाउँपालिकामा १ सय जनाले उम्मेदवारी दिएकोमा ३२ जनाको धरौटी जफत भएको जिल्ला निर्वाचन कार्यालय मकवानपुरले जनाएको छ।

कैलाश गाउँपालिकामा २ सय १ जना उम्मेदवारमध्ये ४९ जनाको, भीमफेदी गाउँपालिकामा १ सय ८६ को उम्मेदवारी परेकोमा ४५ जनाको धरौटी जफत हुने भएको छ। बागमती गाउँपालिकामा १ सय ९० जनाको उम्मेदवारी परेकोमा ४४ जनाका धरौटी जफत हुने देखिन्छ भने बकैया गाउँपालिकामा परेको २ सय ४७ उम्मेदवारीमध्ये ६२ जनाको धरौटी जफत भएको छ।

मकवानपुरगढी गाउँपालिकाका १ सय ७० जनाको उम्मेदवारीमध्ये ४८ जनाको धरौटी जफत भएको छ भने मनहरी गाउँपालिकामा २ सय १३ जनाको उम्मेदवारीमध्ये ७३ जनाको धरौटी जफत हुने भएको छ।

राक्सिराङ गाउँपालिकामा ५५ जना उम्मेदवारको धरौटी जफत हुने भएको छ, जहाँ १ सय ६५ जनाको उम्मेदवारी परको थियो। मकवानपुरको थाहा नगरमा सबै पदमा २ सय ७३ जनाको उम्मेदवारी परेकोमा ९८ जनाको धरौटी जफत भएको छ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ ले धरौटीबारे स्पष्ट तोकिदिएको छ। ऐनको दफा ६२ मा धरौटी राख्नुपर्ने भनेर स्पष्टसँग व्यवस्था गरिएको छ। उक्त ऐनअनुसार स्थानीय तह निर्वाचनमा उम्मेदवार हुन वडा सदस्यमा उठ्ने भए ५ सय रुपियाँ, वडा अध्यक्षका लागि १ हजार रुपियाँ र नगरपालिका तथा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुखका लागि १ हजार ५ सय रुपियाँका दरमा धरौटी लाग्ने व्यहोरा ऐनले तोकेको छ।

त्यसमा महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा भने ५० प्रतिशत छुट हुने प्रावधान ऐनमा छ। निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको यसरी राखिएको धरौटी जफत हुनेछ। तर, निर्वाचित भए धरौटी फिर्ता गरिनेछ।

धरौटी जफत हुने अवस्थाबाहेक अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएको वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी त्यस्तो निर्वाचन परिणाम घोषणा भएको मितिले ९० दिनभित्र सम्बन्धित व्यक्तिले फिर्ता लिनुपर्नेछ। तोकिएको म्यादभित्र धरौटी फिर्ता नलिएमा त्यस्तो धरौटीको रकम सञ्चित कोषमा दाखिला हुने व्यवस्था ऐनले गरेको छ।

### किसानलाई सुझाव

## अदुवाको राम्रो उत्पादन गर्न गोडमेल गर्नुहोस्

**सरिता चलाउने, सल्यान**

कृषि विज्ञहरूले अदुवा बालीको उत्पादन राम्रोसँग लिन गोडमेल तथा सिँचाइको उपयुक्त व्यवस्थापन गर्नुपर्ने बताएका छन्। हिजोआज अदुवा बालीमा झार उम्रिएकाले गोडमेल गर्न सल्यानमा रहेको अदुवा बाली अनुसन्धान कार्यक्रमले किसानलाई सुझाव दिएको छ।

प्राविधिक अधिकृत खेमराज शर्माले अदुवाखेतीबाट राम्रो उत्पादन लिनका लागी गोडमेल र वर्षायाममा पानीको व्यवस्थापन गर्न आवश्यक रहेको जनाए। 'वर्षायामसँगै अहिले सल्यानलगायत अदुवाखेती भएका धेरैजसो ठाउँमा बालीमा झार उम्रिरहेको छ', उनले भने- 'अदुवालाई कुनै पनि चोटपटक नलाग्ने गरेर र बोटलाई नकुल्चेर हातले विस्तारै झार हटाउनुपर्छ।'

किसानले रोपेको अदुवामध्ये यो वर्ष ९० प्रतिशत अदुवा उम्रिएको अदुवा बाली अनुसन्धान कार्यक्रमले जनाएको छ। र, बालीको स्याहारमा ध्यान दिने हो भने राम्रो उत्पादन लिन सकिने प्राविधिक अधिकृत शर्माले जनाए। अदुवामा राखेको छापो वा स्याउला हावाले उडाएको भए फेरी छापो थपिदिन पनि उनको सुझाव छ।

उनले भने- 'छापोले गर्दा झार धेरै उम्रन पाउँदैन र चिस्यान पनि कायम रहिरहन्छ।' सल्यान अदुवाखेतीका लागि नेपालमै प्रख्यात मानिन्छ। यो वर्ष सल्यानका किसानहरूले कपुरकोट १ र स्थानीय जातहरू रोपेका छन्। वर्षायामको भेलबाट बारी चिरा-चिरा हुनसक्ने भएकाले पानीको निकासमा पनि ध्यान दिन जरुरी रहेको प्राविधिक अधिकृत शर्माले जनाएको छन्।

'अदुवा रोपेको बारीको वरिपरि स-सानो कुलो बनाएर पानीको उचित निकास गर्नुपर्छ, यसले बारी पनि चिर्दैन र अघिल्लो वर्ष अदुवा रोपेको अर्को बारीको माटो बगाएर पनि ल्याउँदैन' -उनले भने। कृषि विज्ञहरूका अनुसार अदुवा कम्तीमा ३ पटक गोड्ने गरेमा राम्रो मानिन्छ। पहिलो गोडाईकार्य रोपेको ३० देखि ३५ दिन पछि, दोस्रो गोडाई रोपेको ६० देखि ६५ दिनपछि र तेस्रो गोडाई अदुवा रोपेको ९० देखि ९५ दिनपछि गर्नु उपयुक्त हुने कृषि विज्ञहरूले जनाउने गरेका छन्।

अबको केही समयपछि अदुवामा गानो कुहिने रोगसमेत लाग्नसक्ने भएकाले रोगको उचित व्यवस्थापनमा पनि ध्यान दिन कृषि विज्ञहरूले सुझाव दएका छन्। पानी जमेको बेला ढुसीको कारणले झन फैलने गानो कुहिने रोगको प्रकोप साउन र भदौ महिनामा बढी देखा पर्ने रोगविज्ञ वशिष्ट आचार्यले जनाएका छन्।

फ्युजारिएम प्रजातिका ढुसीका कारणले गानो कुहिने रोग लाग्ने र सिमसिम पानी परेको बेला पानी तथा माटोको माध्यमबाट झन् सम्पूर्ण बालीभरि नै फैलन सक्ने भएकाले यस्तो अवस्थामा ब्रुनी निकाल्ने, गोडमेल गर्ने तथा बारीमा हिँडडुल गर्न नहुने उनको भनाइ छ।

आचार्यले भने- 'बोट-विरुवामा लाग्ने कुनै पनि रोगलाई एउटै उपाय अपनाएर दिगोरूपमा रोकथाम गर्न असम्भव छ। यसका लागि वातावरणलाई कुनै पनि असर नपार्ने गरेर खेती प्रविधिमा सुधार, विषादिको कम प्रयोग तथा रोग प्रतिरोधी जात प्रयोग गर्नुपर्दछ।'

पानी जम्न सक्ने स्थानमा पानी कटाउने व्यवस्था गर्ने तथा यो रोगको व्यवस्थापनका लागि उपयुक्त मानिएको डाइथिनियम ४५ र बेभिस्टिनको घोलले माटोमा अदुवाको जरासम्म पुग्ने गरी हाल्नुपर्ने आचार्यको सुझाव छ।

## निर्वाचित जनप्रतिनिधि शपथ लिँदै

**नेपाल समाचारपत्र**
गुल्मी

असार १४ गते सम्पन्न स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले शपथ लिएका छन्। गुल्मीमा रहेका १२ वटा स्थानीय तहहरूको सम्पूर्ण मतगणना सम्पन्न भएलगत्तै कतिपय गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधिले शपथ लिइसकेका छन्।

झन्डै २० वर्षपछि भएको स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधि जनताको भावनालाई जित्ने गरी काम गर्नका लागि पनि उनीहरू छिट्टै शपथ लिएर काम गर्ने तयारीमा छन्। जिल्लामा रहेका स्थानीय तहमध्ये केही स्थानीय तहका जनप्रतिनिले शपथ लिएका छन्।

जिल्लाको २ नगरमध्येको मुसिकोट नगरपालिकामा नवनिर्वाचित मेयर सोमनाथ सापकोटा तथा उपमेयर कमला गौतमले सोमबार पदभार ग्रहण गरेका छ। निर्वाचन अधिकृतको कार्यालयबाट शपथ लिएलगत्तै नगरपालिकाको कार्यालय वामी टक्सारमा सापकोटा र गौतमले पदभार ग्रहण गरेका छन्।

शपथ ग्रहण कार्यक्रममा प्रतिबद्धता मन्तव्य व्यक्त गर्दै मेयर सापकोटाले भौतिक पूर्वाधार निर्माण, जनमैत्री प्रशासन तथा गरिबी र विकटताको कारणले आधारभूत आवश्यक आवश्यकताबाट वञ्चितमा परेको समुदायमा काम पहिलो प्राथमिकता हुने बताए। मुसिकोट नगरमा धेरै सम्भावना रहेको र आफूले घोषणापत्रमा उल्लेख गरेबमोजिम सबै पार्टी तथा जनतासँग मिलेर काम सम्पन्न गर्ने बताए।

सापकोटाले आफू कुनै नाता, कृपाको चंगुलमा नफस्ने भन्दै सचेततापूर्वक काम गर्ने बताए। पहिलो बैठकले निर्वाचित सबै प्रतिनिधिहरूको १५ दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्नेलगायतका निर्णय गर्ने बताइएको छ। यस्तै जिल्लाको मालिका गाउँपालिका, धुर्कोट गाउँपालिका, रूरू गाउँपालिका, इस्मा गाउँपालिकामा पनि शपथ ग्रहरण कार्यक्रम सम्पन्न भएका छन्। ती गाउँपालिकामा निर्वाचित जनप्रतिनिहरूले पनि जनमैत्री लोकप्रिय कार्यक्रमहरू छिट्टै ल्याउने तयारी गरेका छन्।

मालिका गाउँपालिका गुल्मीले पनि नयाँ कार्यक्रम केही सार्वजनिक दिनमै सार्वजनिक गर्ने तयारीमा रहेको प्रेस चौतारी नेपालका पूर्वअध्यक्ष राजेन्द्र अर्यालले जानकारी दिए। उनका अनुसार गाउँपालिकामा तत्काल उत्पन्न समस्या मोटरबाटोलाई मर्मत गरी वर्षात्को समयमा पनि सञ्चालन गर्न इस्काभेटर तयारी अवस्थामा राखेर अत्यावश्यक अवस्थामा काम गर्ने गरी राख्ने निर्णय भएको जानकारी दिए। उक्त गाउँपालिकाले थप नयाँ कार्यक्रमहरू केही दिनमा गर्ने प्रतिबद्धता जनाएका छन्। जिल्लामा रहेका बाँकी स्थानीय तहमा बुधबारका लागि शपथ ग्रहण कार्यक्रम राखिएको छ।

## जग्गेबाटै विवाहको दक्षिणा सामाजिक सेवामा

**नेपाल समाचारपत्र**
हेटौंडा

हेटौंडाकी एक नवविवाहित दुलहीले आफ्नो विवाहमा प्राप्त दक्षिणा सामाजिक सेवामा लगाएकी छन्। सामाजिक बेथितिको विरोध र सकारात्मक परिवर्तनका लागि कलम चलाउँदै आएका हेटौंडा-८, कमानेका लेखक पिता जनकमान डंगोल र माता मीनादेवी डंगोलकी पुत्री २३ वर्षीया एलिना डंगोलले आफ्नो विवाहमा दक्षिणा प्राप्त १० हजार रुपियाँ सामाजिक कार्यका लागि प्रदान गरेकी हुन्।

विवाहमा प्राप्त दक्षिणा मकवानपुरमा सामाजिक कार्यमा अग्रसर मकवानपुर जागरण मञ्चलाई प्रदान गर्दै उनले संस्थालाई सहयोग गर्न पाएकोमा खुसी व्यक्त गरिन्। अभियान अध्यक्ष कृष्णराज कोइरालासहित टोलीलाई उनले जग्गेबाटै रकम हस्तान्तरण गरेकी हुन्।



एलिनाले आफ्नै विवाह समारोहमा अभियानलाई सहयोग गर्दै युवालाई सामाजिक कार्यमा लाग्न झक्झकाउने काम गरेको अध्यक्ष कोइरालाले बताए। युवाहरू सबै जिम्मेवारीभन्दा पर रहन्छन् र सबै अपरिपक्व हुन्छन् भन्ने मान्यतालाई उनले गलत सावित गरिदिएकी अध्यक्ष कोइरालाले बताए।

आजकालका युवाहरू उरन्ठेउला हुन्छन्, अपरिपक्व र दायित्वबोध नगर्ने हुन्छन् भन्ने भनाइलाई गलत सावित गर्दै एलिनाले विवाहमा प्राप्त दक्षिणा सामाजिक सेवामा लगाएकी छिन्।

एलिनाको सहयोगबाट मातापिता खुसी देखिएका छन्। किरणमान डंगोल र ज्ञानी डंगोलकी नातिनी एलिनाको विवाह कीर्तिपुर निवासी देवरत्न महर्जनसँग भएको हो।

## बर्डफ्लु मान्छेमा फैलिए रोकथाम कठिन

**मोतीराम तिमल्सिना, काभ्रे**

पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको पशु सेवा निर्देशनालयले ८ वटा जिल्लाका पशु सेवा कार्यालयका प्रमुख, पशुपन्छी व्यवसायी र सरोकारवालाहरूसँग एक दिने बर्डफ्लु रोगसँगसम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ।

पशु सेवा निर्देशनालयका निर्देशक डा. सम्झना काफ्लेले बर्डफ्लु पशुपन्छीबाट मन्छेमा सर्न नदिन व्यवसायीहरूले बायोसेक्युरिटीमा विशेष ध्यान दिनुपर्ने बताइन्। पशुपन्छीहरूको ओसारपसारबाट मात्रै नभई उडेर आउने पशुपन्छीबाट समेत बर्डफ्लु सर्ने भन्दै काफ्लेले पशुपन्छीबाट सर्ने गरेको रोग मान्छेमा सर्दा महामारी भई रोक्न कठिन हुने बताइन्।

विश्वका विभिन्न देशहरूमा बर्डफ्लुबाट ८ सय ५९ जना संक्रमित भएकोमा ४ सय ५३ जनाले ज्यान गुमाएको बताइन्। २०७० सालमा नेपालमा पनि बर्डफ्लुबाट धेरै ठुलो क्षती भएकाले त्यसबाट जोगिन भइरहेका जनचेतनामूलक कार्यक्रमहरूलाई अझै प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको थियो।

सरकारले पशुपन्छीमा लाग्ने बर्डफ्लु रोगको क्षतिबापत ७५ प्रतिशत रकम भुक्तानी दिन शुरु गरेको छ। तर, राज्यको नियमअनुसार कर तिरेर दर्ता भएका उद्योगहरूलाई मात्रै उक्त भुक्तानी हुनेछ। काभ्रेपलाञ्चोक जिल्लामा झन्डै ११ सय वटा कुखुरा फर्म रहेको भए पनि १ सय ३१ वटा मात्रै दर्ता भएको अभिलेख छ। कुनै समय जिल्लामा बर्डफ्लु लाग्यो र पशुपन्छीमा क्षति पुग्यो भने १ सय ३१ वटा फर्मका कृषकहरूले मात्रै राहत पाउने निर्देशक काफ्लेले बताइन्। जिल्लामा रहेका सबै कुखुरा तथा पशुपन्छी पालक कृषकहरूले अभिलेख गराउन उनले अनुरोधसमेत गरिन्।

कार्यक्रममा जिल्ला पशु सेवा कार्यालय काभ्रेका प्रमुख डा. नारायणबहादुर श्रेष्ठले काभ्रेपलाञ्चोक जिल्ला पोल्ट्री क्षेत्रमा दोस्रो भएकाले उत्पादनका हिसावले आत्मनिर्भर भएको र निर्यात गर्न शुरु गरेको बताए। वार्षिक १ अर्ब ९२ करोड कुखुराको कारोबार हुने गरेको जिल्लामा रहेका थुप्रै फर्महरू अभिलेखबाहिर रहेकाले अभिलेख गराउन अनुरोध गरे। कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्माले राजमार्ग खुला रहेकाले क्वारेन्टाइन राख्न अनुरोध गरे।

सरकारी पक्षबाट हुने सहयोग व्यवसायीहरूका लागि रहने बताउँदै शर्माले सबै सजग हुनुपर्ने धारणा राखे। कार्यक्रममा नेपाल पत्रकार महासंघ काभ्रे शाखा अध्यक्ष मोतीराम तिमल्सिना, पोल्ट्री व्यवसायी मञ्चका सचिव दयाराम महतलगायतले मन्तव्य राखेका थिए।

२०७४, असार
बुधबार
२१

दक्षिण पर्वतको विहादी गाउँपालिकास्थित साविकको शालिग्राम गाविसदेखि स्याङ्जाको मिर्मीसम्म करिब ८ किलोमिटरको दूरीमा जलयात्रा सञ्चालनमा आएपछि पर्वत दक्षिणवर्ती क्षेत्रका बासिन्दाका साथै गुल्मी र स्याङ्जाका गरी २५ भन्दा बढी साविकका गाविसहरुमा सहजरुपमा यात्रा गर्नुका साथै मालसामान ओसारपसार गर्दै आएका थिए।

# नेपाल

## कालीगण्डकीको पानीजहाज सेवा अवरुद्ध

दुर्गाप्रसाद शर्मा, सेतीबेणी, पर्वत

मुलुककै सबैभन्दा ठूलो जलविद्युत् केन्द्र कालीगण्डकी 'ए' निर्माणको क्रममा बनेको जलाशयमा सञ्चालित जल यातायात (स्टिमर) ग्रामीण क्षेत्रका बासिन्दा ले ४ घण्टा लामो यात्रा गर्नुपरेको छ। विगत १७ वर्षदेखि व्यावसायिकरूपमा स्टिमर सञ्चालन भएपछि दर्जनौं गाविसका बासिन्दाले ९ महिनासम्म यातायातको प्रत्यक्ष सुविधा उपभोग गर्दै आए पनि वर्षातको आएपछि पर्वत दक्षिणवर्ती क्षेत्रका बासिन्दाका साथै गुल्मी र स्याङ्जाका गरी २५ भन्दा बढी साविकका गाविसहरूमा सहजरुपमा यात्रा गर्नुका साथै मालसामान ओसारपसार गर्दै आएका थिए। यातायातको पहुँच जानकारी दिनुभयो।

'असोजको दोस्रो सातापछि पानीको सतह कमहुने भएकाले त्यसपछिमात्र सञ्चालन गर्छौं' - उहाँले भन्नुभयो। यातायात अवरुद्ध हुँदा दैनिक आधा घण्टामा सकिने यात्रा ४ घण्टाको पैदल यात्रा हिँडेर



वर्षायामसँगै अवरुद्ध भएको छ। नदीमा पानीको बहाव बढेपछि दुर्घटना बढ्ने खतराले असारको पहिलो सातादेखि नै स्टिमर बन्द गरिएको हो।

स्टिमर सेवा अवरुद्ध भएपछि पर्वत, स्याङ्जा र गुल्मी जिल्लाका समयमा भने ३ महिना अवरुद्ध हुने गरेको हो।

दक्षिण पर्वतको विहादी गाउँपालिकास्थित साविकको शालिग्राम गाविसदेखि स्याङ्जाको मिर्मीसम्म करिब ८ किलोमिटरको दूरीमा जलयात्रा सञ्चालनमा नभएको तीनवटै जिल्लाका त्यस क्षेत्रका लागि स्टिमर सेवा वरदान सावित भए पनि वर्षायाममा भने सास्ती खेप्नुपरेको स्थानीयबासीको गुनासो छ। पानीको सतह घटेपछि मात्र स्टिमर सञ्चालनमा आउने व्यवसायी हरिप्रसाद भट्टराईले स्याङ्जाको मिर्मीसम्म पुग्न बाध्य भएका छन्। हिउँदको समयमा सस्तो शुल्कमा मालसामान ढुवानी गर्न पाएका व्यवसायीले वर्षामा खच्चरमार्फत् महँगो शुल्कमा सामान ढुवानी गर्न बाध्य हुनुपरेको गुनासो गरेका छन्।

## युवा बाख्रा पालनमा आकर्षित

भद्रपुर, (नेस)

झापामा व्यवसायिक बाख्रा पालनमा युवावर्ग आकर्षित हुने थालेको पाइएको छ। जिल्ला पशु सेवा कार्यालय झापाले मंगलबार आयोजना गरेको व्यवसायिक बाख्रा प्रवर्द्धन राष्ट्रिय अभियानअन्तर्गत सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी व्यवसायीले यस्तो बताएका हुन्।

पशु सेवा कार्यालय झापाको तथ्यांकअनुसार झापामा चालू आर्थिक वर्षको अन्त्यसम्म ८४ बाख्रा फर्म दर्ता रहेको छ। गत वर्ष २८ वटा बाख्रा फर्म दर्ता भएको पशु चिकित्सक कुमारसिंह खत्रीले बताए । बाख्रा पालनका लागि फर्मनै खोलेर केही वर्षदेखि झापाका युवा व्यवसायमा सन्तुष्टि हुँदै गएपछि फर्म दर्ताको संख्यामा वृद्धि हुन थालेको खत्रीको भनाइ छ। व्यवसाय गरे पनि उनीहरूले आम्दानी खर्चको लेखाजोखा नराखेको उनले जनाए।

पछिल्लो पटक उन्नत जातका बाख्रालाई झापामा भित्र्याएर पशु कार्यालयले दिएको सुझाव तथा सहयोगले यो व्ययवसायमा आफू खुसी बनेको व्यवसायी हर्कबहादुर तामागले बताए। पशु सेवा कार्यालय झापाका प्रमुख डा. माधव दाहालको अध्यक्षतामा भएको कार्यक्रममा बाख्रा व्यवसायी गणेश पराजुली, जयप्रकाश दाहाललगायतले बोलेका थिए। झापामा हालसम्म विभिन्न जातका ३ लाख बाख्रा रहेको पशु कार्यालयले जनाएको छ।

## अवैध मदिरा नष्ट

दोलखा, (नेस)

जिल्ला प्रहरी कार्यालय र मातहत प्रहरी इकाइहरूले आज विभिन्न पसल तथा घरबाट बरामद गरेको अवैधरूपमा उत्पादित मदिरा नष्ट गरेको प्रहरी नायव उपरीक्षक रामेश्वर कार्कीले बताए।

समाजसेवीको रोहवरमा नष्ट गरिएको प्रहरी नायव उपरीक्षक कार्कीले बताए।

आज सोमबार विशेष अभियानको रूपमा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइहरूमा अवैध मदिरा नष्ट गरिएको र यो अभियानलाई निरन्तरता दिइने प्रहरीले जनाएको छ। विभिन्न घरेलु हिंसा, महिला



जिल्लाको जिरी, सिंगटी, मागापौवा, खरीढुङ्गा, दोलखा, बिगु, तामाकोसी, किर्नेटारलगायतको प्रहरी इकाइहरूबाट बरामद गरिएको १ हजार १ सय ४२ लिटर अवैध मदिरा र ५ सय ६० केजी कच्चा पदार्थ स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, हिंसा र शान्ति सुरक्षा कायम गर्ने कुरामा अवैध मदिरा चुनौतीको रूपमा रहेकाले पनि यसको नियन्त्रणका लागि प्रहरीले नियमित कामसँगै विशेष अभियानसमेत सञ्चालन गर्दै आएको प्रहरी नायव उपरीक्षक कार्कीको भनाइ छ।

## रंगशाला निर्माणमा देखिएको जग्गा विवाद मिल्यो

नेपाल समाचारपत्र
काभ्रे

काभ्रेको पनौतीमा रंगशाला निर्माणका क्रममा देखिएको जग्गा विवाद मिलेको छ। रंगशाला निर्माणका लागि तयार पारिएको नक्सामा निजी जग्गा पनि परेको र सम्बन्धित जग्गा धनीसँग सहमति नगरेका कारण विवादले उग्र रूप लिएको थियो।

प्रक्रिया नै नपुऱ्याई गुरूयोजना बनाएर टेन्डर आह्वान गरी निर्माण भइरहेको रंगशाला विवादको मुद्दा सर्वोच्च अदालतसम्म पुगेको थियो। रंगशाला बनाउन तयार पारिएको गुरूयोजनामा पनौती नगरपालिका-७ स्थित करिब ४५ रोपनी सार्वजनिक जग्गासँगै स्थानीय गणेशकुमारी कँडेल र नानी गीता कँडेलको नाममा १७ रोपनी १४ आना २ पैसा जग्गा पनि परेपछि विवाद उत्पन्न भएको हो। सम्बन्धित जग्गा धनीले आफूहरूसँग सहमति नै नगरी झुक्याउने तरिकाले एकाएक टेन्डर आह्वान गरेको आरोप लगाउँदै शुरुदेखि नै विरोध गर्दै आएका थिए।

रंगशाला निर्माणका क्रममा देखिएको विवाद मिलाउन पनौती नगरपालिकाको खेलकुद विभागका संयोजक ईश्वर जंगमको संयोजकत्वमा सोमबार नगरपालिका कार्यालयमा बसेको बैठकमा जग्गाधनीका तर्फबाट कँडेल परिवारका सुदीपराज कँडेलले पहिलेदेखि खेलीआएको चौरपटिको भाग नगरपालिकाको नाममा पास गरेर दिने सहमति भएपछि विवाद मिलेको हो। प्रक्रिया पुऱ्याएर रंगशाला निर्माण हुनुपर्छ भन्ने पक्षमा आफूहरू भएकाले आफ्नो स्वामित्वमा रहेको केही जग्गा पनौती नगरपालिकालाई दिने प्रस्ताव गरेको कँडेल परिवारका सुदीपराज कँडेलले बताउनुभएको छ।

रंगशाला निर्माणकार्यमा जुटेको पनौती नगरपालिका र शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले प्रक्रिया नपुऱ्याई टेन्डर अहवान गरेको भन्दै सम्बन्धित जग्गा धनीले विरोध जनाएपछि पुनरावेदन अदालत पाटनले समेत कानुनबमोजिम जग्गा प्राप्त नभएसम्म उक्त १७ रोपनी १४ आना २ पैसा जग्गाको हदसम्म निर्माणकार्य नगर्नू-नगराउनू भनी अन्तरिम आदेश दिएको थियो। यसपछि पुन: सर्वोच्चमा परेको मुद्दामा पनि अदालतले जग्गा धनीको पक्षमा फैसला गरेको थियो।

सोमबारको बैठकमा कँडेल परिवारले रंगशाला निर्माणका लागि आफ्नो स्वामित्वमा रहेको खाल्टो र बोट-विरुवा भएको भागबाहेक चौरपटिको भाग नगरपालिकालाई दिने र नगरपालिकाले रोक्का गरिएको कँडेल परिवारको घरजग्गा फुकुवा गर्ने र जग्गासम्म जानका लागि बाटोको व्यवस्था मिलाइदिने सहमति भएको छ।

विवाद बढेपछि रगशाला निर्माणका लागि टेन्डर आह्वान गर्ने शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले पनौती नगरपालिकाको योजनाअनुसार कार्य गरेको जनाएको छ भने पनौती नगरपालिकाले सम्बन्धित जग्गाधनीसँग सहमतिको प्रयास भइरहेको जनाएको थियो। तत्कालीन अवस्थामा भवन डिभिजनले उक्त गुरूयोजना प्रस्तावित मात्र भएको भन्दै पछि गुरूयोजना परिवर्तन गर्न पनि सकिने बताउँदै आएको थियो।

## कर्मचारी बिहेमा, सेवाग्राही मर्कामा

हेटौंडा, (नेस)। कार्यालय समयभित्र हेटौंडा उप-महानगरपालिकाका कर्मचारी कक्षमा नहुँदा सेवाग्राहीले सास्ती भोग्नुपरेको छ। उप-महानगरपालिकाका भवन इजाजत शाखा प्रमुख इन्जिनियर सत्यनारायण शाह कार्यालय समयमा आफ्नो कक्षमा नहुँदा सेवाग्राहीले घण्टौं सास्ती भोग्नुपरेको हो।

कार्यालय समयभित्र इन्जिनियर आफ्नो कक्षमा नहुँदा काम लिएर पुगेका सेवाग्राही सोफामै निदाउने गरेका छन्। घर निर्माणको नक्सापास गर्न सोमबार हेटौंडा उप-महानगरपालिका पुगेका हेटौंडा-१२, सिग्रनीका ७४ वर्षीय नीलप्रसाद उपाध्यायले इन्जिनियर शाहलाई घण्टौं कुर्नुपऱ्यो। भूकम्पले भत्काएको घरको नक्सापास गर्न आएका उपाध्याय इन्जिनियर शाहको कक्षामा कुरिरहे।

हेटौंडा-६, चौघडाका पुनबानु खान भूकम्पले भत्किएको घरको पुनर्निर्माणका लागि नक्सापास गर्न आउँदा इन्जिनियर नभेटेको गुनासो गरे। सोमबार दिउँसो १२ बजेदेखि २ बजेसम्म कुर्दा पनि इन्जिनियर कार्यालयमा नआएको सेवाग्राहीको गुनासो छ। भवन इजाजत महाशाखा प्रमुख इन्जिनियर शाह कार्यालय समयभित्र कता जानुभयो भनी जानकारी लिँदा उनले 'आफन्तको विवाहमा गएको' प्रतिक्रिया दिए।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यालय, चितवन

**बोलपत्र छनौट सम्बन्धी आशयको सूचना**

प्रकाशित मिति : २०७४/०३/२०

यस डिभिजन कार्यालय बाट मिति २०७३/१२/१५ र २०७४/०१/१७ को नेपाल समाचारपत्र दैनिक पत्रिकामा प्रकाशित सूचनाहरु क्रमश: DUDBC/Chitwan/Works /NCB/ 04-073/74 and 07-073/74 अनुसार चितवन जिल्लामा निर्माण हुने देहायमा उल्लेखित निर्माण कार्यहरुका लागी पर्न आएका बोलपत्रहरु मध्ये देहायमा उल्लेखित बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) बमोजिम प्राविधिक प्रस्ताव (Technical Bid) र आर्थिक प्रस्ताव (Financial Bid) हरुको मुल्यांकन बाट उत्तिर्ण भई ऐन र नियम बमोजिम न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र (Lowest Evaluated Substantially Responsive Bidder) भएको देखिएकोले स्वीकृतीको लागी छनौट गरिएको हुँदा ऐनको दफा २७(२) र (४७) को प्रयोजनार्थ सम्बन्धीत सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | बोलपत्रदाताको नाम | कवोल अंक रु (मू.अ. कर बाहेक) |
|---|---|---|
| ०४/०७३/७४ | श्री महालक्ष्मी / सुनकोशी वर्ल्डवाईड (जे.भी ) | १४,०७,५७,८७४।२० |
| ०७/०७३/७४ | श्री पप्पु / शिवशक्ति (जे.भी) | ८,८४,९६,८४८।९७ |

यस कार्यालयबाट मिती २०७४।३।२० मा नेपाल समाचार पत्रमा प्रकाशित बोलपत्र छनौट सम्बन्धी आशयको सूचनाको व्यहोरा अन्यथा हुन गएकोले निम्नानुसार हुने व्यहोरा जानकारीको निमित्त अनुरोध छ ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी बिकास तथा भवन निर्माण बिभाग
डिभिजन कार्यालय, नुवाकोट

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७४।०३।२१

यस डिभिजन कार्यालयबाट मिति २०७४।०१।०७ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीको लागी बोलपत्र मूल्याङ्कन समितिबाट छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| खरिद नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कवोल अंक रु (VAT बाहेक) |
|---|---|---|---|
| DUDBC/Nuwakot/NCB/Works/ 02/2073/74 | Okharpauwa-Kaulethan-Lamagaun-Gadiko Thumka-Barabise-Kumari Road Upgradation Works | Santosh Nirman Sewa, Bidur-7, Nuwakot. | **43,73,617.36** |
| DUDBC/Nuwakot/NCB/Works/ 03/2073/74 | Dandagaun Hospital-Panchase Road Upgradation Works | Jai-Shambhu Construction Udyog, Goldhunga-11 , Tarkeshawor,Kathmandu | **60,60,103.94** |
| DUDBC/Nuwakot/NCB/Works/ 04/2073/74 | Likhu Aitarampati-Pudibhanjyang Road Upgradation Works | Florida Construction & Suppliers Pvt.Ltd, Sorhakhutee,Kathmandu. | **42,77,068.02** |
| DUDBC/Nuwakot/NCB/Works/ 05/2073/74 | Pudibhanjyang-Sikre-Gopyakhola Road Upgradation Works | Florida Construction & Suppliers Pvt.Ltd, Sorhakhutee,Kathmandu. | **42,75,927.70** |
| DUDBC/Nuwakot/NCB/Works/ 06/2073/74 | Dhikurepul-Chaukhuda-Malakot-Dhadfedi Road Upgradation Works | Bachhala Devi Nirman Sewa ,Narjamandap-5, Nuwakot. | **52,08,905.01** |
| DUDBC/Nuwakot/NCB/Works/ 07/2073/74 | Madaanpur-Barahi Shakti Ma.vi.-Baaluwabhanjyang-Kaalo Pahiro Road Upgradation Works | Bachhala Devi Nirman Sewa ,Narjamandap-5, Nuwakot. | **50,81,861.29** |
| DUDBC/Nuwakot/NCB/Works/ 08/2073/74 | Kumari VDC, Kolpukhola New Road Upgradation Works | Kailashpati Nirman and Supplier's Pvt. Ltd. Panchakanya-7,Nuwakot. | **56,53,677.13** |
| DUDBC/Nuwakot/NCB/Works/ 09/2073/74 | Panchase-Diyale Road Upgradation Works | Jai-Shambhu Construction Udyog, Goldhunga-11 , Tarkeshawor,Kathmandu. | **61,60,760.46** |
| DUDBC/Nuwakot/NCB/Works/ 10/2073/74 | Madaanpur Jho. Pu.-Kaalo Pahiro Road Upgradation Works | Garbasi Rumba Nirman Sewa Kakani-2, Nuwakot | **49,32,283.97** |
| DUDBC/Nuwakot/NCB/Works/ 11/2073/74 | Ranipauwa-Goneswor-Bhedigoth Road Upgradation Works | Santosh Nirman Sewa Pvt. Ltd . Bidur-7, Nuwakot. | **46,51,169.83** |
| DUDBC/Nuwakot/NCB/Works/ 12/2073/74 | Paatibhanjyang-Khangkhum-Dandakharka-Devi Sthan-Kaalabhanjyang-Talakhu Road Upgradation Works | Garbasi Rumba Nirman Sewa Kakani-2, Nuwakot | **50,20,571.47** |
| DUDBC/Nuwakot/NCB/Works/ 13/2073/74 | Gairisesha-Tallo Laakure-Raamdal Tol- Tallo Naageswori-Ghattekhola Road Upgradation Works | Jai-Shambhu Construction Udyog, Goldhunga-11 , Tarkeshawor,Kathmandu | **60,47,910.32** |

डिभिजन प्रमुख

# विश्व

## शिखर भेट

जर्मनीको ह्याम्बर्गमा हुन लागेको जी-२० को शिखर बैठकपूर्व रुसको औपचारिक भ्रमणका क्रममा मस्को पुगेका चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसी समकक्षी भ्लादिमिर पुटिन हात मिलाउँदै।



## महामारी

श्रीलंकाको राजधानी कोलोम्बोमा सिसीमा संकलन गरिएका लामखुट्टेको लार्भा अवलोकन गर्दै स्वास्थ्यकर्मी। श्रीलंकामा अहिलेसम्मकै ठूलो डेंगी महामारी फैलिएको छ। यहाँ डेंगीबाट २ सय २५ जनाको ज्यान गइसकेको छ।



विश्व २ मिनेट

### भारत

## पर्यटन केन्द्र बन्ने

नयाँदिल्ली, (एजेन्सी)

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले कुनै बेला चिया बेचेको पसल पर्यटन केन्द्र बन्ने भएको छ। गुजरातको वडनगरको रेलवे स्टेसनमा नरेन्द्र मोदी बच्चा बेलामा चिया पसलमा चिया बच्ने गर्थे। उक्त पसललाई पर्यटन केन्द्र घोषित गर्नुअगाडि केन्द्र सरकारले त्यसको मर्मत गराउनेछ। पसलको वास्तविक स्वरूपलाई कायम राखी त्यसको आधुनिकीकरण गरिने केन्द्रीय संस्कृति मन्त्री महेश शर्माले बताए। सन् २०१४ को लोकसभा चुनावमा नरेन्द्र मोदीले बच्चा बेलामा चिया बच्ने गरेको बारेमा धेरै ठाउँमा बोलेका थिए। त्यतिबेला एउटा चिया बेच्ने प्रधानमन्त्री हुन लागेकोमा धेरैलाई पचेको थिएन।

### बेलायत

## डीएनए परीक्षण आवश्यक

लन्डन, (एजेन्सी)

बेलायतको प्रमुख स्वास्थ्य अधिकारी प्रोफेसर डेम सेली डेविजले क्यान्सरका बिरामीले नियमित डीएनए परीक्षण गराउनुपर्ने बताएका छन्। बेलायतको राष्ट्रिय स्वास्थ्य सेवामा क्यान्सरका बिरामीसहित ३१ हजार बिरामीले आफ्नो डीएनए प्रोफाइलिङ गराएको उनले प्रतिवेदनमा उल्लेख गरेका छन्। रक्त परीक्षण र बायोप्सी जस्तै सम्पूर्ण जिनोम स्क्रिनिङलाई पनि रोग परीक्षणको हिस्सा बनाउनुपर्ने सेलीले चाहेका छन्। मानवमा करिब २० हजार जिन हुन्छ। वास्तवमा जिन डीएन कोड हुन्छ र यसैले शरीरले कसरी काम गर्छ भन्ने निर्धारित गर्छ। डीएनए परीक्षणबाट डाक्टरलाई रोग निदान तथा औषधि प्रयोगमा सहज हुने उनले बताए।

### अस्ट्रिया

## राजदूतसँग सोधपुछ

भियना, (एजेन्सी)

इटालीले अस्ट्रियाका राजदूतलाई मंगलबार अस्ट्रियाले आप्रवासीहरूको गैरकानुनी प्रवेश रोक्नका लागि सीमा क्षेत्रमा सेना तैनाथ गर्न आफू तयार रहेको घोषणा गरेको सम्बन्धमा सोधपुछ गरेको छ। अस्ट्रियाका रक्षामन्त्री हान्स पिटर दोस्कोजिलले क्रोनेन जेइटुंग डेलीलाई आफ्नो फौज ब्रेन्नर पास जान सक्ने बताएका थिए। उनले चारवटा पान्दुर सशस्त्र बख्तरबन्द गाडी टाइरल क्षेत्रमा पठाइसकेको र ७ सय ५० जना सैनिक तयारी अवस्थामा रहेको पनि बताएका छन्। अस्ट्रियाले विशेष गरी हङ्गेरीसँगको सिमानामा सुरक्षा कडा पार्न खोजेको हो।

### भारत

## मोदी इजरायलमा

नयाँदिल्ली, (एजेन्सी)

इजरायल भ्रमण गर्ने नरेन्द्र मोदी पहिलो भारतीय प्रधानमन्त्री बनेका छन्। मंगलबार यहुदी राष्ट्र पुगेका उनले हालै इजरायलसँगको शताब्दीऔं पुरानो सम्बन्धलाई अझै मजबुत बनाउने बताएका थिए। भारत र इजरायलबीच सैनिक रसाइवर सुरक्षा सम्झौतामा हस्ताक्षर हुने अनुमान गरिएको छ। तर इजरायल भ्रमण गर्ने प्रायश: अन्य अन्तर्राष्ट्रिय व्यक्तित्वहरूले झैं उनले भने रमल्लाहमा गएर कुनै पनि प्यालेस्टाइनी नेताहरूसँग भेटघाट नगर्ने भएको छ। मोदीको यस भ्रमणलाई लिएर राजनीतिक विश्लेषकहरूले भारतको इजरायलप्रतिको दृष्टिकोणमा आएको परिवर्तन जनाएका छन्।

# इस्लामिक स्टेट खलिफा बगदादी बेपत्ता

बग्दाद, (एजेन्सी)

तीन नर्षअगाडि सन् २०१४ मा अबु बक्र अल बगदादी अन्तिम पटक देखिएका हुन्। त्यतिबेला उनले मोसुलस्थित एक मस्जिद अल नुरीमा आफ्ना अनुयायीहरूलाई सम्बोधन गरिरहेको भिडियो बाहिर आएको हो।

इस्लामिक स्टेटले त्यतिबेला इराक र सिरियाको गरी बेलायतको क्षेत्रफल बराबरको भूभागमा कब्जा गरेको थियो। तर त्यसपछि जिहादीविरुद्धको युद्धले उनीहरूलाई फिर्ता हुन बाध्य पाऱ्यो। त्यतिबेलादेखि बगदादीको कुनै जानकारी बाहिर आएको छैन। एक प्रकारले उनी रहस्यमयी तरिकाले गायब बनेका छन्।

उनको टाउकोको मूल्य २ करोड ५० लाख अमेरिकी डलर तोकेको छ।

यस तीन वर्षमा इस्लामिक स्टेटले आफ्नो नियन्त्रणमा रहेका धेरै भूभाग गुमाउनुपरेको छ भने इस्लामिक स्टेटका नेता गत नोभेम्बरपछि मौन देखिएका छन्। नोभेम्बरमा बाहिर आएको बगदादीको एक रिकर्ड सन्देशमा उनले मोसलबाट



इस्लामिक स्टेटलाई धपाउने लडाइँ शुरू हुनुअगाडि आफ्ना बफादारहरूलाई सम्बोधन गरिरहेका थिए।

यसैबीच बगदादीको मृत्यु भएको समाचर आएको थियो। रुसका उप विदेश मन्त्रीले बगदादी मे २८ मा राकामा भएको रुसी हवाई आक्रमणमा मारिएको हुनसक्ने धेरै सम्भव भएको बताएका थिए।

एक इरानी अधिकारीले पनि गत हप्ता बगदादी निश्चित रूपमा मारिसकेको दाबी गरेका थिए। यद्यपि ती दाबीमाथि अमेरिकाले आशंका व्यक्त गरेको थियो।

रुसको दाबीको एक हप्तापछि सार्वजनिक एक भिडियोमा इस्लामिक स्टेटका सदस्यलाई बगदादीको नाम नलिईकन 'हाम्रा सेख' सम्बोधन गरिएको थियो। यसले बगदादीको मृत्युको खबरमा प्रश्न उठाएको छ।

यसअघि तालिवान र अल कायदाले पनि दुई वर्षसम्म तालिवान नेता मुल्ला उमरको मृत्युलाई लुकाइराखेको यियो।

बगदादी गायब हुनुमा उनी खलिफा भएको दाबीसँग जोडिएको हुन सक्ने अनुमान गरिएको छ। धार्मिक मान्यताअनुसार यस प्रकारको दाबी शासन गर्नका लागि भूभाग छ भने मात्र गर्न सक्छ।

इस्लामिक स्टेटको राजधानी मानिएका इराकको मोसुल र सिरियाको राका दुवैमा जिहादी दबाबमा परेको अवस्थामा बगदादी तेस्रो सुरक्षित राजधानीमा लुकेको हुन सक्ने अनुमान बढेको छ।

# उत्तर कोरियाको लामो दूरीको क्षेप्यास्त्र परीक्षण सफल

## अन्तर्राष्ट्रिय जगत्मा ठूलो सन्त्रास फैलियो

प्योङ्याङ, (एजेन्सी)

उत्तर कोरियाले मंगलबार आफूले पहिलो लामो दूरीको अन्तरमहादेशीय क्षेप्यास्त्रको सफल परीक्षण गरेकामा खुसी व्यक्त गरेको छ। यदि यो खबर सत्य ठहर भएको खण्डमा यस इन्टरकन्टिनेन्टल ब्यालेस्टिक मिसाइल ( आईसीबीएम) सम्भवतः अमेरिकाको मुख्य भूमिसम्म पुग्न सक्छ।

तर संयुक्त राज्य अमेरिकाले भने हिजो जापनको एक सागरमा खसेको उक्त क्षेप्यास्त्र मध्यम दूरीको भएकाले त्यसबाट उत्तर अमेरिकामा कुनै खतरा हुन नसक्ने दाबी गरेको छ। उत्तर कोरियाली यसरी लगातार क्षेप्यास्त्र परीक्षण प्रक्षेपण गर्न थालेकाले अन्तर्राष्ट्रिय तनाव बढिरहेको छ।

उत्तर कोरियाको सरकारी टेलिभिजनल हिजो ह्वासोङ-१४ नामक क्षेप्यास्त्रको प्रक्षेपण कार्य नेता किम जोङ उनले अवलोकन गरेको जनाएको छ। साथै सागरमा आफ्नो लक्ष्य भेदन गर्नुअघि उक्त क्षेप्यास्त्र ६ सय ३३ किमि उचाइमा पुगेर २ हजार ८ सय २ किमि तय गरेको पनि बताइएको छ।

केसीएनए समारचार निकायले एक विज्ञप्ति जारी गर्दै अब उत्तर कोरिया आधिकारिक रुपमा पूर्ण आणविक शक्ति सम्पन्न राष्ट्र भएको र त्यससँग विश्वको कुनै पनि भागमा मार हान्न सक्ने सबैभन्दा शक्तिशाली अन्तरमहादेशीय ब्यालेस्टिक रकेट भएको जनाएको छ।

साथै सो विज्ञप्तिमा अब अमेरिकाको आणविक युद्धको चेतावनी




र ब्ल्याकमेलको अन्त्य भएको तथा यसले कोरियाली प्रायद्विपको प्रतिरक्षा पनि गर्ने जनाइएको छ। तर आणविक विशेषज्ञहरुले भने उत्तर कोरियासँग ठ्याक्कै लक्ष्य भेदन गर्न सक्ने आईसीबीएम र त्यसमा राख्ने निकै सानो खालको आणविक हतियार नभएको दाबी गरिरहेका छन्।

उत्तर कोरियाली आईसीबीएम अमेरिकाको अलास्कासम्म मात्र पुग्न सक्ने अनुमान गरिएको छ। अमेरिकी भौतिकशास्त्री डेविड राइटले हालै उत्तर कोरियाले सफल परीक्षण गरेको भन्ने क्षेप्यास्त्रको अधिकतम दूरी क्षमता ६ हजार ७ सय किमि हुने दाबी गरेका छन्।

जुन दूरी अमेरिकाका सबै ४८ वटै राज्यमा पुग्न नभ्याउने बताइएको छ। क्षेप्यास्त्र विकास गर्नुमात्र ठूलो कुरो नभएको र प्रक्षेपण गरिएको क्षेप्यास्त्र पुनः वायुमण्डलमा प्रवेश गर्दा त्यसको प्रतिरक्षा पनि गर्नुसक्नुपर्ने तथा सो क्षमता उत्तर कोरियासँग भए नभएको पुष्टि हुन नसकेको विशेषज्ञहरुको भनाइ रहेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जनवरीमा उत्तरकोरियाले आईसीबीएम बनाउन नसक्ने भनी ट्विट गरेका थिए। अहिले भने ट्रम्पले किम जोङ उनप्रति आक्रोश व्यक्त गर्दै 'यो मान्छेले जीवनमा केही राम्रो गर्न सक्दैन?' भनी ट्विट गरेका छन्। साथै उनले अब जापान र दक्षिण कोरियाको केही सीप नलाग्ने र उत्तर कोरियामाथि चीनले नै विशेष दबाब दिनुपर्ने विचार पनि व्यक्त गरेका छन्। यसैबीच दक्षिण कोरियाली राष्ट्रपति मुन जाय इनले संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले उत्तरमाथि दबाब दिनुपर्ने बताएका छन्।

यस पछिल्लो परीक्षणलाई लिएर चीनको विदेश मन्त्रालयका प्रवक्ता जेंग सुआंगले क्षेप्यास्त्र कार्यक्रममा उत्तर कोरिया संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्विरुद्ध गएकामा चीनले विरोध गर्ने बताएका छन्।

लामो दूरीको क्षेप्यास्त्र परीक्षणपछि खुसीयाली मनाइरहेका उत्तर कोरियालाई हिजो चीन र रसियाले औपचारिक रुपमा क्षेप्यास्त्र कार्यक्रम रोक्न आह्वान गरेका छन्। साथै यी दुवै राष्ट्रले वार्षिक रुपमा दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाबीच आयोजना हुँदै आएको संयुक्त सैनिक अभ्यास पनि बन्द गरिनुपर्ने विचार व्यक्त गरेका छन्। अहिले रुसको भ्रमणको क्रममा मस्कोमा रहेका चिनियाँ राष्ट्रपति सि जिन्पिङले प्योङयाङका बारे आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनसँग वार्ता गरेको बुझिएको छ।

यसैबीच रसिया र चीनले अमेरिकालाई उत्तर कोरियाली आणविक आक्रमण असफल पार्ने उद्देश्यसहित दक्षिण कोरियामा थाड क्षेप्यास्त्र प्रणाली जडान नगर्न पनि जोड दिएका छन्।

### आईसीबीएम के हो ?

- यो आणविक हतियार बोक्न सक्ने लामो दूरीको क्षेप्यास्त्र हो।
- यसको न्यूनतम दूरी क्षमता ५ हजार ५ सय किमि हुन्छ। यद्यपि यसले १० हजार वा सोभन्दा बढी दूरी तय गर्न सक्छ।
- प्योङ्याङले दुईवटा आईसीबीएम ११ हजार ५ सय किमि दूरीको केएन-०८ र १० हजार किमि दूरीको केएन-४ प्रदर्शन गरेको छ। तर मंगलबार अघिसम्म उसले कुनै पनि आईसीबीएम परीक्षण गरेको दाबी गरेको थिएन।
- प्योङ्याङको दोस्रो चुनौती भनेको कुनै आईसीबीएममा जडान गर्ने सक्ने सानो आणविक हतियार विकास गर्नु रहेको छ।




## जिल्ला समन्वय समितिको कार्यालय, दोलखा, चरिकोट

३ नं. प्रदेश, नेपाल

### आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०७४/०३/२१ गते**

मिति २०७४ जेठ १० मा नागरिक दैनिक पत्रिकामा प्रकाशित यस कार्यालयको आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त सम्बन्धी ठेक्का नं. १-२०७३/७४ देखि ठेक्का नं. ८-२०७३/७४ का ८ वटा ठेक्कामध्ये ठेक्का नं. १-२०७३/७४ को लागि मात्र बोलपत्र प्राप्त भएको र बाँकी ७ वटा प्याकेजका लागि कुनै पनि बोलपत्र प्राप्त नभएकोले ठेक्का नं. २-२०७३/७४, ३-२०७३/७४, ४-२०७३/७४, ५-२०७३/७४, ६-२०७३/७४, ७-२०७३/७४ र ८-२०७३/७४ को लागि पुनः यो १५ दिने सूचना प्रकाशन गरिएको छ। यसको विस्तृत विवरण यस कार्यालयको Website www.ddcdolakha.gov.np र जिल्ला प्रशासन कार्यालय दोलखा, जिल्ला समन्वय समितिको कार्यालय दोलखा र कोष तथा लेखा नियन्त्रक कार्यालय दोलखामा समेत राखिएको छ। सो सम्बन्धमा विस्तृत विवरण त्यहीबाट प्राप्त हुने हुनाले निम्न मिति बमोजिम हुने गरी पुनः बोलपत्र आव्हान गरिएको छ।

१) **बोलपत्र बिक्री हुने अन्तिम मिति र समय :** मिति २०७४ साल श्रावण ४ गते कार्यालय समय सम्म।
२) **बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय :** मिति २०७४ साल श्रावण ५ गते दिनको १२:०० बजे सम्म।
३) बोलपत्र बिक्री हुने र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन।
४) **बोलपत्र खरीद गर्ने र दाखिला गर्ने स्थान :** जिल्ला समन्वय समितिको कार्यालय, दोलखा।
५) **बोलपत्र खोलिने स्थान, मिति र समय :** जिल्ला समन्वय समितिको कार्यालय, दोलखामा बोलपत्र दाखिला गर्ने अन्तिम मितिको दिउँसो २:०० बजे।

**जिल्ला समन्वय समितिको कार्यालय**
**दोलखा**



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यपश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय

## डिभिजन सडक कार्यालय, नेपालगञ्ज

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०७४/०३/२१)

यस कार्यालयको बोलपत्र आव्हानको सूचना नं. १२/०७३/७४ अनुसार न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिलका ठेक्का नम्बरहरुको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | ठेक्का नम्बर | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम | कबोल अंक रु (मू.अ.कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १. | DRONGJ/ 3373664/ 073/74-110 | Road Upgrading Works of Bichhiya Naka-Aamabardiya-Dhanaura-Orali Bazaar-Ammarpur–Dalla-Thakurdwara-Aambasa Road, Bardiya | M/s S.B.A-Surya J/V, Birendranagar, Surkhet | 86,563,664.00 |
| २. | DRONGJ/ 3373664/ 073/74-111 | Road Upgrading Works of Kothiya-Thakurdwara-Amreni Road, Bardiya | M/s S.B.A-Surya J/V, Birendranagar, Surkhet | 73,059,905.10 |
| ३. | DRONGJ/ 3371574/ 073/74-112 | Prestressed Concrete Bridge (2x40m) Construction with Pile Foundation Over Sorahi Khola Along Jodhpur-Badalpur-Sohariya Road, Bardiya | M/s Mrit Sanjibani-Galwa J/V, Kathmandu | 84,531,198.00 |
| ४. | DRONGJ/ 3371574/ 073/74-113 | Prestressed Concrete Bridge (2x40m) Construction with Open Foundation on Abutment and Pile on Pier Over Maila Nala Along Manau VDC and Rajapar Municipality-4 Chainpur Road, Bardiya | M/s Nagarjun Construction Company P. Ltd, Balaju, Kathmandu | 63,030,110.00 |

डिभिजन प्रमुख

२०७४, असार
बुधबार
२१

> खास गरी तेस्रो मुलुकबाट आयात हुने मालसामानको आयातमा निकै कमी आएको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष यादवले बताए। उनका अनुसार मंगलबार दिउँसो सम्ममा ७ गाडी मात्र तेस्रो मुलुकबाट आयात गरिएकोमा त्यसमा कस्मेटिक, खेलौना र रेडिमेड कपडाको आइटम भएको उनले बताए। जब कि १ जुलाई पहिले तेस्रो मुलुकबाट यस्तो सामानहरूको गाडी कम्तिमा १२ वटा प्रवेश गर्दथे।



शुभयात्रा : उपराष्ट्रपति नन्दबहादुर पुनलाई मंगलबार त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा विदाई गर्दै प्रधानमन्त्री शेरबहादुर देउवा । उपराष्ट्रपति पुन २३ औं चीन–लान्जाउ लगानी तथा व्यापार मेलामा सहभागी हुन मंगलबार चीन भ्रमणमा निस्कनु भएको हो । तस्वीर : नेस

### जीएसटी असरको आशंका

# नेपाल भित्रिने सामान घटे

कृष्णउदास खनाल
वीरगन्ज

छिमेकी देश भारतले यही जुलाई १ तारेखदेखि नयाँ एकीकृत कर प्रणाली गुड्स एन्ड सर्भिसेस टयाक्स (जीएसटी) लगाएपछि त्यसको प्रभाव नेपालको मालसमान आयातमा पनि पर्न थालेको छ। भारतमा उक्त नीति लागू भएको तीन दिनमा नै वीरगन्ज नाकाबाट कम मालसमान भित्रिएको भन्सार कार्यालयले जनाएको छ। खास गरी तेस्रो मुलुकबाट आयात हुने मालसामानको आयातमा निकै कमी आएको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष यादवले बताए। उनका अनुसार मंगलबार दिउँसो सम्ममा ७ गाडी मात्र तेस्रो मुलुकबाट आयात गरिएकोमा त्यसमा कस्मेटिक, खेलौना र रेडिमेड कपडाको आइटम भएको उनले बताए। जब कि १ जुलाई पहिले तेस्रो मुलुकबाट यस्तो सामानहरूको गाडी कम्तिमा १२ वटा प्रवेश गर्दथे।

उनले कर प्रर्णालीले हो कि, के कारणले मालसमान कम आइरहेको छ, ठ्याक्कै भन्न गाह्रो भए पनि सामान आयातमा कमी आएको बताएका छन्। यसैका कारण सामान आयातमा कमी आएको भन्ने आफूहरूलाई लागेको उनले बताए। भारतमा यो प्रर्णाली लागू हुनुभन्दा अगाडि भने नेपालमा सामान आयातमा कुनै समस्या नभएको तर यो नीति भारतमा लागू भएपछि सामान कम भित्रन थालेकाले यही कारणले भएको हो कि भन्ने व्यवसायीहरूको विश्लेषण पाइएको छ।

व्यवसायीहरूबाट रक्सौल आसपासमा नेपाल भित्रिने गाडीहरूको लामो लाइन लागेको खबर पाएको पनि उनले बताए। खाद्यान्न तथा नेपाली उद्योगको लागि आयातित कच्चा पदार्थ पहिलेकै परिमाणमा आइरहेको उनले बताए। भारतबाट आउने महँगा गाडीहरूको संख्यामा पनि कमी आएको सूचना अधिकारी यादव बताउँछन्। भारतमा लगाइएको एकीकृत कर प्रणालीले नेपालका व्यवसायीहरूलाई प्रत्यक्ष रुपमा असर पर्न थालिसकेको वीरगन्ज उद्योग बाणिज्य संघका अध्यक्ष ओम प्रकाश शर्माले बताए। खास गरी भारतको कर नीति र नेपालको कर नीतिमा एक रुपता नभएका कारण पनि यसको असर नेपालमा देखिनु स्वभाविक भएको उनको तर्क छ। यद्यपि यो असर दीर्घकालीन रुपमा भने नरहनेमा उनी विश्वस्त देखिन्छन्। भारतको कर प्रणालीको असर लामो समयसम्म देखिएमा भने नेपालका व्यवसायीहरूसहित सर्वसाधारण पनि मारमा पर्ने व्यवसायीहरूको बुझाइ रहेको छ।

## संक्षेप

### लागूऔषधसहित पक्राउ

काठमाडौं, (नेस)

चन्द्रागिरी नगरपालिका-२ नागढुंगामा जाँच गर्ने क्रममा राजविराजबाट काठमाडौंतर्फ आउँदै गरेको ना ५ ख ५३१४ नम्बरको बसमा सवार सिराहा, लाहान-८ का २० वर्षीय अर्जुन महतो र सिराहा, लाहान-६ का १७ वर्षीय सन्तोष पासवानलाई झोलामा लुकाइ छिपाइ ल्याएको फिनारगन ५१ एम्पुल, डाइजेपाम ५० एम्पुल, नुफिजेटिक ५० एम्पुल, नाइट्रोजेफाम ५८ ट्यावलेट लागूऔषधसहित मंगलबार प्रहरीले पक्राउ गरेको छ।

### करेन्ट लागेर दुईको मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-३ बसुन्धरास्थित स्पोन १२ रस्टुरेन्टको माथिपट्टि अर्ना बियरको होर्डिङबोर्ड राख्ने क्रममा अचानक बिजुलीको नाङगो तार छुन गई करेन्ट लाग्दा सोमबार गम्भीर घाइते भएका काठमाडौं बसुन्धरा बस्ने धनगढीका २५ वर्षीय दिपेन्द्र चौधरी र काठमाडौं बानेश्वर बस्ने धनगढीकै ६० वर्षीय चैतुराम चौधरीको शिक्षण अस्पताल महाराजगन्जमा उपचारको क्रममा मृत्यु भएको छ।

### क्यान्टिनमा आगलागी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-११ थापाथलीस्थित एभरेस्ट कलेजमा रहेको तनहुँ, ब्यास नगरपालिका-११ का २४ वर्षीय रणबहादुर आले मगरको क्यान्टिनमा ग्याँस लिक भई सोमबार आगलागी हुँदा क्यान्टिनमा रहेको करिब २ लाख २६ हजार रुपियाँबराबरको धनमाल जलेर क्षति भएको छ।

## प्रमको भारत भ्रमण केही दिनमा तय हुने

काठमाडौं, (नेस)

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सम्मेलनको मिति तय गर्दै सार्कका गतिविधि अघि बढाउन भारत सकारात्मक रहेको उप-प्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महराले बताउनुभएको छ।

बहुपक्षिय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (विमस्टेक) का गतिविधी प्रभावकारी बनाउनसमेत भारत उत्सुक रहेको उहाँको भनाई छ। भारत भ्रमणबाट मंगलबार स्वदेश फर्कनुभएका मन्त्री महराले सञ्चारकर्मीहरूसँग भन्नुभयो- 'विमस्टेक बैठकमा सहभागी हुन भारतीय विदेश मन्त्री सुष्मा स्वराज नेपाल आउँदै हुनुहुन्छ- 'अब सार्क र विमस्टेकका गतिविधि अघि बढ्छन्।'

विमस्टेक सदस्य राष्ट्रका विदेश मन्त्री सहभागी हुने बैठक आगामी साउन २६ देखि २७ सम्म काठमाडौंमा आयोजना हुने बताइएको छ। भारतीय विदेशमन्त्री स्वराज र मन्त्री महराबीच सोमबार राति दिल्लीमा भेटवार्ता भएको थियो। नेपाल सार्क र विमस्टेकको अध्यक्ष राष्ट्र भएका नाताले मन्त्री महराले दुवै क्षेत्रीय संगठनको काम कारवाही अघि बढाउनेबारे स्वराजसँग छलफल गर्नुभएको थियो।

गत वर्षको नोभेम्बरमा पाकिस्तानका लागि तय भएको सार्कको १९औं सम्मेलन स्थगित भएपछि सार्कका गतिविधी प्रभावित हुँदै आएका छन्।

द्विपक्षिय भेटवार्ताका क्रममा दुई मुलुकबीच आर्थिक-सामाजिक विकास तथा पूर्वाधार निर्माणसम्बन्धी विषयमासमेत छलफल भएको मन्त्री महराले जानकारी दिनुभयो। प्रधानमन्त्री शेरबहादुर देउवाले गर्ने भारत भ्रमणको मिति भने केही दिन भित्र द्विपक्षीय छलफलबाट तय गरिने उहाँले बताउनुभयो। दिल्लीमा रहँदा मन्त्री महराले संयुक्त राष्ट्र संघको मानव अधिकार काउन्सिल सदस्यमा नेपालले दिएको उम्मेदवारीको पक्षमा विभिन्न मुलुकले समर्थन जुटाउन विभिन्न मुलुकका गैरआवासीय राजदूतहरूसँग भेटवार्ता गर्नुभएको थियो।

### प्रमलाई...

स्रोतका अनुसार सरकारलाई दिइएको समर्थन फिर्ता नलिन भारतीय दुतावासले पनि आग्रह गरेको छ। उक्त छलफलमा राजपाका अन्सन्तुष्ट नेताहरूको विषयमा पनि चर्चा भएको बुझिएको छ।

राजपाका अध्यक्ष मण्डलको बैठकबाट बाहिरिएर संयोजक ठाकुर प्रधानमन्त्री र दूतावास पुग्नुभएको थियो। त्यसपछि पुनः बैठकमा सहभागी हुनुभएको थियो।

राजपाको अध्यक्ष मण्डलको बैठक मंगलबार अबेर रातिसम्म जारी रहेको थियो।

मंगलबार अबेर रातिसम्म राजपाको पार्टी दर्ताका लागि आवश्यक विधानलाई अन्तिम रुप दिने तयारी भइरहेको राजपाका नेता राजकिशोर यादवले नेपाल समाचारपत्रलाई बताउनुभयो। उहाँले बिहीबारसम्म पार्टी दर्ता हुन सक्ने बताउँदै विधानलाई अन्तिम रुप दिन छलफल भइरहेको बताउनुभयो।

पार्टीभित्रका असन्तुष्टिका बारे राजपा अध्यक्ष मण्डलका नेता राजेन्द्र महतोले बाहिर आएको चर्चा हल्ला मात्र भएको बताउनुभयो। उहाँले केही नेताहरूले असन्तुष्टि व्यक्त गरेपनि छलफल भइरहेको बताउनुभयो।

### हेर्दाहेर्दै...

विगत दश वर्षदेखि उक्त क्षेत्रमा बाँध बनाउने क्रम शुरू भएको र उक्त बाँधलाई पक्की बनाइएको छ।

बाँधका कारण तिलाठी, लौनियाँ, सकरपुरा, वेल्ही, को.बरसाईन, कोईलाडी, ईनर्वा, रम्पुरा, मल्हनियाँ, कुशहा, को.मधेपुरालगायतका गाउँहरू जलमग्न भएका छन्। गत वर्ष बाढीकै कारण तिलाठीमा नेपाली पक्ष र भारतीय जनताकाबीच आपसमा बाँधका विषयलाई लिएर कुटाकुटसम्म भएको घटना सेलाउन नपाउँदै पुनः वर्षा शुरू भएको छ।

खाडो, महुली र जीता खोलाको पानी दशगजा भएर बग्न थालेपछि तिलाठी छेउमा च्यानल खनेर भारततिर बगाउने दुवै देशका प्राविधिकहरूले दिएको प्रतिवेदन हालसम्म कार्यान्वयन नहुँदा उक्त क्षेत्रका वासिन्दा डुवानमा बस्न बाध्य भएका छन्।

अविरल वर्षाका कारण सदैव डुवानमा बस्न बाध्य हुनु परेको तिलाठी गाउँका दिनेश्वर मिश्रले बताए। उनी भन्छन- 'हेर्दा हेर्दै बुढो भइयो, तर बाढीको समस्या समाधान भएन।'

'आफ्नो जीवनकालमा यो समस्या समाधान होला भन्ने कुरामा मिश्र विश्वस्त छैनन्। 'आफू गाविस अध्यक्ष भएर पटक-पटक सरकारका प्रतिनिधिलाई अनुरोध गऱ्यो, तर हालसम्म डुवानमा बस्न बाध्य छौं'-उनले भने।

तिलाठी गाउँकै समाजिक कार्यकर्ता देवनारायण यादव गत वर्षको बाढिमा बाँध बनाउन रोक्दा भारतीय पक्षको कुटाई पनि खाईयो, त्यति बेला दुवै देशका अधिकारीहरूले समस्या समाधान गर्ने प्रतिवद्धता व्यक्त गरेपनि समस्या जस्ताको त्यस्तै रहेको बताउँछन्। नेपाल-भारत कोशी सम्झौताअनुसार कोसीसित जोडिएका खोलाहरूबाट हुने क्षतिको क्षतिपूर्ति तथा खोलाको व्यवस्थापनको जिम्मेवारी भारत सरकारको रहेको छ।

## झाडापखाला फैलियो

लहान, (नेस)

विगत दुई सातादेखि सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकास्थित सीतापुर १५ मा फैलिएको झाडापखाला नियन्त्रणबाहिर रहेको छ। झाडापखालाबाट १ जनाको मृत्यु भएको छ भने दुई दर्जनभन्दा बढी सिकिस्त भएका छन्।

झाडापखालाबाट लक्ष्मीपुर पतारीस्थित सीतापुरप्रध निवासी ६५ वर्षीया गुद्रीदेवी यादवको सोमबार राति मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ।

यसअघि गत साता झाडापखालाबाट सीतापुरप्रध-८ निवासी ७० वर्षीय मागेन यादवको मृत्यु भएको थियो। सिकिस्त बिरामीको स्वास्थ्य चौकी सीतापुरमा उपचार भइरहेको जनाइएको छ। सिकिस्त भएका बिरामीलाई स्वास्थ्य चौकीमै राखेर उपचार गरिएकोछ।

## विधेयकमा छलफल जारी

काठमाडौं, (नेस)

व्यवस्थापिका संसद्‌मा विनियोजन विधेयक २०७४ को विभिन्न मन्त्रालयगत एजेन्डामाथि छलफल जारी रहेको छ। मंगलबार गृह, अर्थ, सहरी विकास, शिक्षा, श्रम तथा रोजगार र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयअर्न्तगत विनियोजित विधेयकमाथि छलफल भएको हो। तर, छलफल सुन्नका लागि सरकारको उपस्थिति नरहेकोप्रति सांसद्‌हरूले सभामुखको ध्यानाकर्षण गराएका थिए। सांसदहरूको उपस्थिति पनि न्यून भएको भन्दै सांसदहरूले चासो व्यक्त गरेका थिए।

मंगलबार ६ वटा मन्त्रालयका लागि छुट्याएको विभिन्न शीर्षकको बजेटमा २२ जना सांसद्‌हरूले धारणा राखेका थिए। अधिकांश सांसद्‌ले आगामी आर्थिक वर्षको बजेटमा कुनै नयाँ विषय नसमेटी पुरानै कार्यक्रमलाई निरन्तरता दिइएको जिकीर गरेका थिए।

उनीहरूले नयाँ शहरका पूर्वाधार विकास गर्न, बेरुजु फर्स्यौटमा जोड दिन, गृह प्रशासनलाई चुस्त बनाउन, शिक्षा नियमावली ल्याउन, श्रम ऐन संशोधन गर्न र विपद् ऐन ल्याउन सरकारलाई सुझाव दिए।

## बस पल्टिँदा ३ को मृत्यु

चितवन, (नेस)

चितवनको ईच्छाकामना गाउँपालिका-३ चुम्लिङटारमा काठमाडौंबाट धनगढीतर्फ जाँदै गरेको ना.६ ख २४६८ नम्बरको बस मंगलबार आफै अनियन्त्रित भई सडकको नालीमा पल्टेर दुर्घटना हुँदा बसमा सवार २७ जना यात्रुमध्ये ३ जनाको मृत्यु भएको छ भने अन्य ५ जना घाइते भएका छन्।

दुर्घटनामा बर्दिया, मगरागढी-६ बस्ने २६ वर्षीय राजकुमार थारु र निजकी ३ महिनाको छोरीको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनास्थलमा तत्काल प्रहरी टोली पुगी घाइतेको उद्धार गरी उपचारको लागि गण्डकी मेडिकल कलेज कास्की पठाएकोमा बसचालक कैलालीका ३० वर्षीय दिनेश राना मगरको उपचारको क्रममा मृत्यु भएको छ। अन्य ५ जना घाइतेको सोही अस्पतालमा उपचार भइरहेको र ४ जनाको अवस्था मध्यम तथा १ जनाको सामान्य रहेको छ। दुर्घटनाका सम्बन्धमा प्रहरीबाट उद्धार एवं थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ।

## मतगणना अन्तिम चरणमा

काठमाडौं, (नेस)

यही असार १४ गते दोस्रो चरणमा निर्वाचन सम्पन्न भएका प्रदेश नम्बर १, ५ र ७ का ३५ जिल्लाका ३ सय ३४ स्थानीय तह निर्वाचनको मङ्गलबारसम्म २ सय ७९ स्थानीय तहको मतगणना कार्य सम्पन्न भएको छ।

निर्वाचन आयोगमा रहेको संयुक्त निर्वाचन परिचालन केन्द्र (जेइओसी) बाट प्राप्त जानकारीअनुसार, हाल ११ जिल्लाका ५१ स्थानीय तहको मतगणना कार्य जारी छ भने ४ स्थानीय तहमा स्थगित भएको मतगणना कार्य सुचारु गर्ने प्रयास भइरहेको आयोगले जनाएको छ।


**जिल्ला समन्वय समितिको कार्यालय**
प्रदेश नं. ७ बझाङ्ग, नेपाल
चैनपुर, बझाङ्ग

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७४/०३/२१)

यस कार्यालयले मिति २०७४/०२/१४ गतेको गोरखापत्रमा बाहुलीगाड झोलुङ्गे पुल निर्माण कार्य गर्नका लागि आह्वान गरिएको बोलपत्र सम्बन्धी सूचना अनुसार तपसिलको प्याकेजमा निम्नानुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएको हुँदा स्वीकृत हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नम्बर | बोलपत्रदाताको नाम | कबोल अंक (भ्याट तथा प्रोभिजनल सम सहित |
|---|---|---|---|
| १ | NCB/DCC/BJH/CTP-01/2073/074 | जागृति निर्माण सेवा, चैनपुर, बझाङ्ग | १,२३,१७,०००।०० |

स्थानीय विकास अधिकारी

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी बिकास तथा भवन निर्माण बिभाग
डिभिजन कार्यालय, नुवाकोट

**कारवाही गर्ने बारे अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति : २०७४/३/२१)

यस डिभिजन कार्यालय र तपाई निर्माण व्यवसायी वीच सम्झौता भई तपसीलमा उल्लेख भए अनुसार निर्माण कार्य तोकिएको म्याद भित्र सम्पन्न नगरेको र काम सम्पन्न गर्नका लागि विभिन्न मितिमा पत्राचार र फोन सम्पर्क गर्दा समेत कुनै प्रतिक्रिया नदेखाई आफ्नो जिम्मेवारी पुरा नगरेको र लामो समयदेखि निर्माण कार्य नगरी विभिन्न आर्थिक वर्षहरुमा विनियोजित वजेट फ्रिज हुदैं आएको छ । भवन निर्माण कार्य समयमै सम्पन्न नहुँदा स्वास्थ्य सेवा प्रवाह एवम् सरकारी काममा कठिनाई उत्पन्न भएको छ ।

अतः काम गर्न नसक्नुको चित्त बुझ्दो कारण र तत्काल निर्माण कार्य शुरु गर्ने प्रतिवद्धता सहितको संशोधित कार्य तालिका सहित ७ दिन भित्र यस कार्यालयमा सम्पर्क राख्न आई ठेक्का सम्झौता अनुसारको सम्पूर्ण निर्माण कार्यहरु सम्पन्न गर्न यो सूचनाद्धारा जानकारी गराइन्छ । अन्यथा ठेक्का सम्झौता तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र सार्वजनिक खरिद नियमावलीको नियम १२८ आकर्षित हुने र र्कासम्पादन जमानी समेत फिर्ता माग गरी ठेक्का तोडी कालो सूचीमा राख्ने तर्फ कारवाही अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्य | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| १ | DUDBC/Nuwakot/Works/NCB/14/071/72 | थानसिङ स्वा. चौ. भवन, नुवाकोट | एटलस इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन कं.प्रा.लि. सितापाइला, काठमाडौँ | २०७३/३/३० | २०७३/९/३० |
| २ | DUDBC/Nuwakot/Works/NCB/04/072/73 | विदुर सभाहल कम्पाउण्ड निर्माण, विदुर, नुवाकोट | थापाकाजी कन्स्ट्रक्सन विदुर-४, नुवाकोट | २०७३/३/२ | म्याद थप सहित २०७३/८/२५ |

# अर्थ

2017, JULY
Wednesday
5

# हवाई भाडा घट्यो

नेपाल समाचारपत्र

काठमाडौं

इन्धनको मूल्य घटेसँगै नेपाल वायुसेवा सञ्चालक संघले हवाई भाडा घटाउने निर्णय गरेको छ। आयल निगमले गत आइतबार मध्यरातबाट सबै प्रकारका इन्धनका मूल्य घटाउने निर्णय गरेको थियो। जसमा हवाई इन्धन (एयर टर्वाइन फ्युल) को मूल्यमा ४ रुपियाँ घटाउने निर्णय गरेको थियो। निगमको सो निर्णयपछि संघले बुधबारदेखि लागू हुने गरी भाडादरमा १ सय ८१ रुपियाँसम्म घटाएको हो।

सबैभन्दा धेरै आन्तरिक उडानको काठमाडौंदेखि धनगढी रुटमा साबिकको १२ हजार २ सय रुपियाँबाट घटेर १२ हजार १९ रुपियाँ निर्धारण गरिएको छ। त्यसैगरी सबैभन्दा कम भरतपुरमा घटेको छ। त्यसैगरी माउन्टेन फ्लाईटमा १ सय ३८ रुपियाँ, नेपालगन्ज १ सय ३५ रुपियाँ, भद्रपुरमा १ सय २४ रुपियाँ, विराटनगर ९६ रुपियाँ, भैरहवामा ८७ रुपियाँ, तुम्लिङटारमा ७७ रुपियाँ, पोखरामा ६६ रुपियाँ, जनकपुरमा ५२ रुपियाँ, सिमरा ४० रुपियाँ र भरतपुर ४७ रुपियाँ घटेको छ। यसमा हेलिकप्टरको चार्टर्ड भाडादर भने समायोजन नभएको संघले जनाएको छ। यसअघि गतवर्ष असोज २ गते हवाई भाडा न्यूनतम ४० रुपियाँदेखि १ सय ९३ रुपियाँसम्म घटेको थियो।

## निगमको जहाज मर्मत गर्न सिंगापुर लगिँदै

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय उडान भर्दै आएको नेपाल वायुसेवा निगमको एक मात्र बोइङ कलसाईन ९ एनएसीबी मर्मत गर्न सिंगापुर लगिने भएको छ। एक सातादेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ग्राउन्डेड अवस्थामा रहेको थियो। नेपालमै मर्मत सम्भारको लागि प्रयास गरे पनि सम्भव नभएपछि सिंगापुर लग्न लागिएको निगमले जनाएको छ।

अन्तर्राष्ट्रिय हवाई यातायात संगठनको मापदण्ड पूरा गर्न हरेक २ वर्षमा सि चेक गर्ने प्रावधानअनुसार सिंगापुर लग्न लागिएका हो। उक्त विमान मर्मतसम्भार गर्न करिब ६० दिन लाग्ने भएपछि निगमले भुटान एयरलाइन्सको विमान भाडामा लिने तयारी गरेको छ।

"Success for Personal Touch"

## लिलाम बिक्री बारे ३ (तीन) दिने अत्यन्त जरुरी सूचना

**नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मिति २०७४/०३/२१ गते बुधबार**

यस सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मुख्य कार्यालय, कुमारीपाटी, ललितपुरको हक, भोग, नाम दर्ता र स्वामित्वमा रहेको तपशिलमा उल्लेखित सवारी साधनहरु जो जे जस्तो अवस्थामा छ सोहि अवस्थामा नियमानुसारले लाग्ने सम्पुर्ण रकम आफ्नै खर्चमा नामसारी गरी लैजान भनि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरीएको छ। तपाईहरुले यस संस्थाबाट लिनु भएको कर्जाको किस्ता रकम बुझाउन नल्याउनु भएको र पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत हाल सम्म संस्थालाई तिर्नु पर्ने किस्ता तथा हर्जाना रकम बुझाउन नआउनु भएको हुँदा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक मिति २०७४/०२/१५ गते ७ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्दा समेत तिर्नु बुझाउनु पर्ने बक्यौता रकम बुझाउनु तर्फ कुनै चासो नदेखाई ऋण कर्जा सम्बन्धि शर्त बन्देजहरु समेत उल्लंघन गर्नु भएकोले दोस्रो पटक यो ३ (तिन) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तसर्थः यो सुचना प्रकाशित भएको मितीले ३ दिन भित्र यस संस्थाको मुख्य कार्यालयमा शिलबन्दि बोलपत्र खरीद दाखिला गर्न आह्वाहन गरीन्छ। थप जानकारीका लागि यस संस्थाको मुख्य कार्यालयमा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ।

### सवारी साधनको विवरण

| | | |
|---|---|---|
| १ | सवारी दर्ता नं. Ba 12 Cha 7903<br>मोडल Dost Pickup<br>इन्जिन नं. WEH02111P | च्यासिस नं. MB1AA22E5ERW77661<br>बनेको साल 2014<br>कैफियत Ashok Layland |
| २ | सवारी दर्ता नं. Ba 55 Pa 1284<br>मोडल Dio 109 CC<br>इन्जिन नं. JF39E0100176 | च्यासिस नं. ME4JF391MC8105561<br>बनेको साल 2012<br>कैफियत Honda Scooter |
| ३ | सवारी दर्ता नं. Ba 58 Pa 3363<br>मोडल Dio 109 CC<br>इन्जिन नं. JF39E70020252 | च्यासिस नं. ME4JF392H07020442<br>बनेको साल 2013<br>कैफियत Honda Scooter |
| ४ | सवारी दर्ता नं. Ba 66 Pa 4147<br>मोडलPulsar 180<br>इन्जिन नं. DJZCEH69160 | च्यासिस नं. MD2A12DZ8ECH45216<br>बनेको साल 2014<br>कैफियत Bajaj Motercycle |
| ५ | सवारी दर्ता नं. Ba 76 Pa 4686<br>मोडल Pulsar 220<br>इन्जिन नं. DKZCGC13246 | च्यासिस नं. MD2A13E2GCC45284<br>बनेको साल 2016<br>कैफियत Bajaj Motercycle |
| ६ | सवारी दर्ता नं. Ba 7 Cha 2373<br>मोडल Perodua Viva 850 CC<br>इन्जिन नं. K58A57E | च्यासिस नं. PM2L252S002044149<br>बनेको साल 2009<br>कैफियत Perodua Malaysia |
| ७ | सवारी दर्ता नं. Ba 6 Cha 65<br>मोडल Nissan Sunny<br>इन्जिन नं. QG16427327 | च्यासिस नं. JN1CFAN16Z0110519<br>बनेको साल 2007<br>कैफियत Nissan Japan |
| ८ | सवारी दर्ता नं. Ba 76 Pa 8422<br>मोडल Dio 109 CC<br>इन्जिन नं. JF39E71258064 | च्यासिस नं. ME4JF399GG7027460<br>बनेको साल 2016<br>कैफियत Honda Scooter |
| ९ | सवारी दर्ता नं. Ba 79 Pa 5288<br>मोडल Pulsar 220F<br>इन्जिन नं. DKZCGF47253 | च्यासिस नं. MD2A13EZXGCF30508<br>बनेको साल 2016<br>कैफियत Bajaj Motercycle |
| १० | तीन थान साइकल | कैफियत Ranger, Genlus and Everest |

**शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरु :**

१) बोलपत्र फारम संस्थाको मुख्य कार्यालय, कुमारीपाटी ललितपुरबाट खरीद गरी लिन सकिने छ। खरीद गरी लिएका बोलपत्र फारम रितपुर्वक भरि पेश गर्नुपर्ने छ।
२) लिलाम सकार गरि लिन कबुल गरेको रकमको १० प्रतिशतका दरले हुन आउने रकम धरौटि स्वरुप यस संस्थाको नाममा सिद्धार्थ बैंकमा रहेको खाता नं. ०१८१५०७४२५७ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रसाथ संलग्न राखि पेश गर्नुपर्नेछ।
३) लिलाम बिक्रीको शिलबन्दी बोलपत्र स्वीकृत भएको ब्यक्ती एवं संस्थाले लिलाम स्वीकृत भएको मितिले ३ दिन भित्र बाँकी सम्पुर्ण रकम नबुझाएमा धरौटि रहेको रकम स्वत : जफत हुनेछ।
४) बोलपत्र रितपुर्वक शिलबन्दी गरी मिति २०७४/०३/२३ गते शुक्रबार अपरान्ह ५:०० बजे सम्म यस संस्थाको मुख्य कार्यालय, कुमारीपाटी ललितपुरमा बुझाउन सकिनेछ।
५) बोलपत्र बुझाउन पर्ने अन्तिम दिन बिदा परेमा सो को भोलीपल्ट वा लगतै संस्था खुलेको दिन अपरान्ह ५:०० बजे सम्म बोलपत्र बुझाउन सकिनेछ।
